जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौँ।
- धुम्रपान र मद्यपान नगरौँ।

नेपाल सरकार
वि१पन बोर्ड

वर्ष २७ •अंक ११३ • २०८२ साल भाद्र २५ गते बुधबार (10 September, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जेन-जी आन्दोलनः प्रधानमन्त्रीको राजीनामापछि संवैधानिक अन्योल

# वार्ता र संवादका लागि राष्ट्रपतिबाट आह्वान, नेपाली सेनाले सहजीकरण गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । जेन-जीको आन्दोलनले असहिष्णु प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि उत्पन्न परिस्थिति एवं राजनीतिक अवस्थालाई हल गर्न राष्ट्रपति रामचन्द्र पौडेलले आह्वान गरेपछि समाधानका उपायहरुबारे बहस शुरु भएको छ।

सेनाका एक उच्च अधिकारीले बताएअनुसार सबै सुरक्षा संयन्त्रका प्रमुखसहित भएको छलफलबाट वार्ताबाटै समाधान निकाल्नुपर्ने गरी सुझाव राष्ट्रपति पौडेललाई दिइएको छ।

यस क्रममा छलफलबाट आएको कुरालाई मुर्त रुपमा दिन राष्ट्रपति पौडेलले जेन-जी प्रदर्शनकारीलाई वार्ताका लागि आह्वान गरिसकेका छन् । बैठकमा नयाँ सरकार गठनदेखि भावी प्रक्रियाका विषयमा छलफल भएको छ। त्यहाँ हुने निर्णयलाई नेपाली सेनाले पनि मान्ने स्पष्ट पारेको छ।

काठमाण्डु महानगरपालिकाका मेयर बालेन्द्र शाहले सामाजिक सञ्जाल फेसबुकमा स्टेटस लेख्दै जेन-जी युवालाई नेपाली सेनाका प्रमुखसँग वार्ता गर्न तयार रहनु भनेका थिए।

सोमबार भएको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तीमा १९ जना मारिएका थिए, ४०० भन्दा बढी घाइते भएका थिए । मंगलबार त्यसको विरुद्धमा भेला भएका प्रदर्शनकारीले सुरक्षा घेरा तोडेर बानेश्वरस्थित संसद् भवनमा प्रवेश गरेका थिए । त्यसपछि सिंहदरबार, सर्वोच्च अदालत लगायतका स्थानमा आगजनी भएको थियो। सो क्रममा भएको जेनजी



प्रदर्शनकारीको आक्रमणबाट काठमाण्डुस्थित कोटेश्वरमा ३ जना प्रहरीको मृत्यु भएको छ। प्रहरी प्रभागमा आगजनीपछि प्रदर्शनकारीहरूले प्रहरीलाई आक्रमण गरेका छन्।

अहिलेको परिस्थितिलाई थप जटिल हुन नदिन सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई कायम राख्दै संयमित हुन समेत विज्ञप्तिमा आग्रह गरिएको छ । जेनजी युवा संसद् भवनभित्र प्रवेश गरेपछि स्थिति नियन्त्रणबाहिर गएको थियो। त्यसपछि नेपाली सेनाले जेनजी युवालाई पहरा दिएको थियो । सेना आफूहरुको पक्षमा उभिएर चुपचाप बसेको भन्दै युवाले खुशी व्यक्त गरेका थिए।

यसैक्रममा नेपाली सेनाले आन्दोलनका क्रममा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै सबैलाई शान्तिपूर्ण समाधानका लागि आग्रह गरेको छ। एक अपिल जारी गर्दै प्रधानसेनापति अशोकराज सिग्देलले आन्दोलनरत समूहलाई वार्ताका लागि आह्वान गरेका छन्।

नेपाली सेनाले आन्दोलनमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारलाई समवेदना दिँदै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सेनाले आन्दोलनका कारण भएको अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गरेको छ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय एकताको रक्षामा नेपाली सेना सधैं प्रतिबद्ध रहेको स्मरण गराउँदै सेनाले अहिलेको असहज परिस्थितिमा थप क्षति हुन नदिन सबैलाई शान्त रहन आग्रह गरेको छ। सेनाले राष्ट्रिय तथा ऐतिहासिक सम्पदा, सार्वजनिक सम्पत्ति, आम नागरिक र विदेशी कूटनीतिक नियोगहरूको सुरक्षा सुनिश्चित गर्न सबै नेपालीको साझा कर्तव्य रहेकोमा जोड दिएको छ।

नेपालका इतिहासमा अनेकपटक सत्तापलटहरू भए पनि यसरी सम्पूर्ण राज्य संयन्त्रमाथि जेन-जीले कब्जा जमाएको यो नै पहिलोपटक हो।

मंगलबारसम्म दुई दिनको आन्दोलनमा पहिलो दिन राज्यले गैरकानुनी रूपमा र अत्यन्तै असंवेदनशील ढंगले कम्तीमा १९ जना युवा विद्यार्थीको हत्या गरिदिएपछि दोस्रो दिन राजधानीलगायत देशका अधिकांश सहरका सरकारी तथा निजी सम्पत्तिमाथि युवाहरूले ठूलो क्षति पुऱ्याएका छन्।

प्रधानमन्त्री, मन्त्री तथा नेताहरूका घर तथा पार्टी कार्यालयलगायतकामा आगजनी तथा व्यक्तिगत आक्रमणमा समेत आन्दोलनकारीहरू उत्रेपछि प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ढलेको छ।

आन्दोलनको बलमा सरकार ढलेपछिको अहिलेको परिस्थितिमा संवैधानिक रिक्तताको अवस्था छ । आन्दोलनकारीहरू र नागरिक समाजबाट पनि शक्तिशाली नागरिक सरकारको माग भइरहेको छ । त्यसका लागि संसद् विघटनको माग पनि आन्दोलनकारीहरूले गरेका छन्।

अहिलेको संविधानअनुसार कायम वैधानिक सर्वोच्च संस्था राष्ट्रपति हो। राष्ट्रपति राष्ट्रप्रमुख हुनुका अतिरिक्त, नेपाली सेनाका परमाधिपति पनि हुन्।


तर १० वर्षअघि बनेको नयाँ संविधानले राष्ट्रपति एक्लैलाई संसद् विघटन र नयाँ नागरिक सरकार गठन दुवै काम गर्ने अधिकार दिएको छैन।

यता मंगलबार राति १० बजेपछि पनि स्थिति साम्य नभएमा सुरक्षा आफ्नो नियन्त्रणमा लिने सेनाले संकेत गरेको छ।









# बारामा जेनजी आन्दोलन शान्तिपूर्ण

**टुडे समाचारदाता**

बारा । जेनजी पुस्ताले गरेको आन्दोलन बारामा भने शान्तिपूर्ण देखिएको छ । बाराको कलैया, निजगढ, जीतपुर, सिमरा लगायत सहरी क्षेत्रमा युवा पुस्ताहरूले सरकारविरुद्ध विरोध प्रदर्शन गरेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले जिल्लाभित्र मुख्य सहरी क्षेत्रमा जेनजी पुस्ताले गरेको आन्दोलन शान्तिपूर्ण रहेको बताए ।

उनले भने, 'हामीले आन्दोलनमा सहभागीहरूमाथि बल प्रयोग गर्नेभन्दा पनि सम्झाउनु, बुझाउने कोसिस गरेका छौं' प्रजिअ पौडेलले भने 'आज जिल्लाका शैक्षिक संस्था र यातायात क्षेत्र बन्द भए पनि आन्दोलन शान्तिपूर्ण छ ।'




सामाजिक सञ्जाल बन्देज, बढ्दो भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रतामा नियन्त्रण लगाउने सरकारी कदमको विरोधमा युवाहरू सडक उत्रिएका छन् । जेनजी आन्दोलनमा मृत्यु भएका युवा तथा विद्यार्थीहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै बाराको जीतपुर सिमरा सहित केही पालिकाहरूले शोक विदा दिएका छन् ।

जेनजी युवाहरूले बाराका विभिन्न ठाउँमा आइतबार साँझदेखि नै विरोधको कार्यक्रम थालेका छन् ।

# पहिलो जननिर्वाचित प्रम बिपीको ११२औँ जन्मजयन्ती

काठमाण्डु । नेपालको राजनीति र साहित्यमा महत्त्वपूर्ण योगदान दिनुभएका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको ११२औँ जन्मजयन्ती विभिन्न कार्यक्रम गरी बिहीबार देशभर मनाइँदैछ ।

नेपालमा प्रजातन्त्रको स्थापना एवं पुनःस्थापनाका लागि कठोर सङ्घर्ष गर्नुभएका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उहाँका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशम्शेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानु परेको थियो ।

भारत निर्वासनमा बिपीले भारतको स्वतन्त्रता सङ्ग्राममा भाग लिनुभयो । भारत स्वतन्त्र भएपछि नेपालमा प्रजातन्त्र स्थापनाका लागि सहज हुन्छ भन्ने सोचले उहाँ त्यो आन्दोलनमा सक्रिय हुनुभएको हो । भारत निर्वासनका क्रममा जहानियाँ राणा शासनको अन्त्य गर्न विसं २००३ मा बिपीको नेतृत्वमा नेपाली राष्ट्रिय कांग्रेस स्थापना भयो ।

प्रजातन्त्र स्थापना मुख्य लक्ष्य लिएर सुवर्ण शम्शेरको नेतृत्वमा २००६ सालमा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसका बीच एकता भएपछि २००७ सालको क्रान्ति सफल भयो । दुवै दल एकीकृत भई बनेको नेपाली कांग्रेस अहिले पनि संसद्मा दोस्रो ठूलो दलका रूपमा लोकतान्त्रिक प्रगतिशील गठबन्धनका तर्फबाट सरकारको नेतृत्व गरिरहेको छ ।

क्रान्तिको सफलतापछि मोहनशम्शेरको नेतृत्वमा बनेको राणा-कांग्रेस सरकारमा बिपी गृहमन्त्री बन्नुभयो । विसं २०१५ को आमनिर्वाचनमा कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका कोइरालाले



नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गर्नुभयो । प्रधानमन्त्रीत्वकालमा उहाँले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराउनुभयो ।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमानसिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दीगृहमा सारियो ।

विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताउनुभयो । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिइ उहाँ स्वदेश फर्कनुभयो । उहाँले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक छ ।

### विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व

क्यान्सर रोगले बिपीको विसं २०३९ साउन ६ गते निधन भयो । उहाँले नेपाली साहित्यका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन् । उहाँका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाई', एवं 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित भएका छन् । दुई कथा सङ्ग्रह 'श्वेत भैरवी' र 'दोषी चश्मा', हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता' प्रकाशित छन् ।

वरिष्ठ अधिवक्ता गणेशराज शर्मासँगको वार्तामा आधारित 'आत्मवृत्तान्त', सुन्दरीजल बन्दीगृहमा बस्दाको दैनिकीमा आधारित 'जेल जर्नल', विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिइ स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दीगृहमा लगिएपछि लेखिएको दैनिकी 'फेरि सुन्दरीजल' ले नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको छ ।

बिपीले लेख्नुभएका निबन्ध ज्ञाननिष्ठ ज्ञवालीको सम्पादनमा प्रकाशित सिसार पत्रिकामा 'साहित्यमा प्रगतिशीलता' विषयमा प्रकाशित छ । प्रजातान्त्रिक समाजवादका चिन्तक एवं प्रयोक्ता कोइरालाले स्वतन्त्र रूपमा चिन्तन, आयाम, परम्परा र शैली दिएर साहित्यका माध्यमबाट नेपाली वाङ्मयलाई शिखरमा पुऱ्याउन योगदान दिनुभयो ।

प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्री, संसद्का सभामुख एवं मन्त्रीहरुलाई बन्दी बनाइएको सुन्दरीजल बन्दीगृहलाई विसं २०६१ भदौ २४ गते बिपी सङ्ग्रहालयका रुपमा उद्घाटन गरियो । बिपीको जीवनका महत्त्वपूर्ण चिजबिजको सङ्कलन गरी दर्शनीय बनाइएको सङ्ग्रहालय विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त बनेपछि पुरातत्व विभागले पुनःनिर्माण अन्तिम चरणमा पुऱ्याएको छ ।

सङ्ग्रहालयमा बिपीको जीवनका महत्त्वपूर्ण सामग्रीका साथै विसं २००७ को क्रान्तिमा प्रयोग गरिएको ट्याङ्कर, कांग्रेसले २०३० साल जेठ ३० गते क्रान्तिलाई खर्च जुटाउन अपहरण गरेको नेपाल वायुसेवा निगमको विमान पनि राखिएको छ ।

बिपी जयन्तीका अवसरमा कांग्रेस, भ्रातृ एवं शुभेच्छुक संस्था र बिपी सङ्ग्रहालयले मुलुकभर विभिन्न कार्यक्रम आयोजना गरेका छन् । यस अवसरमा कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन लक्षित कार्यक्रम बिपी जयन्ती मनाउन लागेको जनाइएको छ ।रासस

# इटहरीमा जेनजीको प्रदर्शनका क्रममा १२ जना सुरक्षाकर्मी घाइते



इनरुवा । सुनसरीको इटहरी उपमहानगरपालिकामा सोमबार जेनजी पुस्ताको प्रदर्शनका क्रममा प्रहरी र सर्वसाधारण घाइते भएका छन् ।

आन्दोलनका क्रममा भीड अनियन्त्रित भएपछि प्रहरीमाथि ढुङ्गामुढा प्रहार भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिनुभयो । प्रहरीकोतर्फबाट अश्रुग्यास, हवाइफायर र जङ्गी राउण्डसमेत फायर भएको उहाँले बताउनुभयो । उहाँका अनुसार कुनकुन हतियारबाट के-कति फायर भएको भनी यकीन गर्न बाँकी छ ।

प्रदर्शनका क्रममा १२ जना सुरक्षाकर्मी घाइते भएका जनाउँदै १३ जना प्रदर्शनकारी प्रहरीको नियन्त्रणमा रहेका प्रहरी उपरीक्षक तिम्सिनाले जानकारी दिनुभयो ।

घटनामा इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारी, प्रहरी सहायक निरीक्षक महेन्द्रप्रसाद यादव, प्रहरी निरीक्षक मेघराज अर्याल, प्रहरी निरीक्षक कोमल ठाकुर, प्रहरी नायब निरीक्षक सोमनाथ ढुङ्गाना, प्रहरी सहायक हवल्दार पुरुषोत्तम थानदार, प्रहरी जवान नितेशकुमार मण्डल, रवीन दर्जी घाइते भएका प्रहरी उपरीक्षक तिम्सिनाले जानकारी दिनुभयो ।

उहाँका अनुसार सशस्त्र प्रहरीतर्फ सञ्जय थोकर, कुसाङ सिंह सशाङ्क, सञ्जय थारु र सुशील थारु घाइते भएका छन् । प्रदर्शनका क्रममा दुई जनाका मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी, प्रदर्शनका क्रममा मोरङ बूढीगङ्गा गाउँपालिका-७ का १९ का सान्तनु ढकाल, इटहरी-४ का १६ वर्षीय अनमोल पन्त, इटहरी-१० का १६ वर्षीया सम्झना विक, रामधुनी-८ का १६ वर्षीय आशिष चौधरी, १८ वर्षीय आदर्श चौधरी, इटहरी-५ का १६ वर्षीय विकुल साह घाइते भएका छन् । घाइते भएकाको विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

आन्दोलनका क्रममा धनकुटा छथर जोरपाटी गाउँपालिकाका २१ वर्षीय अङ्कीत भण्डारी, धनकुटा नगरपालिका-८ का २४ वर्षीय गोपी बस्नेत, महालक्ष्मी नगरपालिका-१ घर भई इटहरी-५ डेरा गरी बस्ने २९ वर्षीय रोशन कार्की, मोरङ सुन्दरहरैँचा-७ गोठगाउँका १९ वर्षीय कोमल मिश्र, सुनसरी धरान-१८ का १९ वर्षीय मानस राईलाई नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक तिम्सिनाले बताउनुभयो ।

मोरङ सुन्दरहरैँचा-१० की १३ वर्षीया युविका महत, मोरङ सुन्दरहरैँचा-१० का १६ वर्षीय सञ्जु छाला याख्खा, भोजपुर हतुवागढी गाउँपालिका-१ घर भई इटहरी-४ डेरा गरी बस्ने १९ वर्षीय प्रवेश राई, इटहरी-४ डेरा गरी बस्ने २६ वर्षीय आशकुमार राई, २१ वर्षीय भुपाल राई, झापा भद्रपुर घर भई इटहरी-९ मा डेरा गरी बस्ने मनोज आचार्य, धनकुटा महालक्ष्मी नगरपालिका-२ घर भई इटहरी-५ मा डेरा गरी बस्ने १७ वर्षीय सरोज बूढाथोकी र इटहरी-१७ का १६ वर्षीय सुशन खड्कालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।रासस

# आश्विन कृष्णपक्षः प्रतिपदा तिथि श्राद्ध गरियो

काठमाण्डु । प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्रश्राद्ध अर्थात् पितृपक्ष सोमबारदेखि सुरु भएको छ । पितृपक्षको पहिलो दिन सोमबार प्रतिपदा तिथि श्राद्ध गरिएको हो ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका १६ वटा तिथिमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर पक्ष पनि भनिन्छ ।

चाडपर्व यज्ञागादी तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।

यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्व बोध पूरा हुनुका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला माङ्गलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, पितृको मृत तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्र श्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्र श्राद्धमा मृत्यु भएकाको सम्झनामा गरिने एक पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली श्राद्धजस्ता श्राद्धहरू प्रचलित रहेका छन् ।

यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो । सोह्रश्राद्ध अपराह्नमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उहाँले बताउनुभयो ।

यस अवसरमा उपत्यकाको उत्तर पूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणीलगायत तीर्थस्थलमा पनि पितृप्रति श्रद्धासाथ श्राद्ध गर्नेको घुइँचो लागेको छ । कारणवश श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्रश्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणबस अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् भट्टराईले बताउनुभयो ।

यो समयमा पनि कारणबस सोह्रश्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिककृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत रहेको उहाँले जानकारी दिनुभयो ।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्विद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुखसमेत रहनुभएका भट्टराईले जानकारी दिनुभयो ।

त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफैँ नसक्नेले ब्राह्मणमार्फत दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको धर्मशास्त्रविद् भट्टराईले जानकारी गराउनुभयो । उहाँका अनुसार विधिपूर्वक यस्तो जप १० महिनासम्म गर्नुपर्छ । यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ । पितृपक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडादसैँ सुरु हुन्छ ।रासस

# आन्दोलन उग्र बनेपछि गौरदेखि चन्द्रपुरसम्म कर्फ्यु



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा आन्दोलन उग्र बन्दै गएपछि सदरमुकाम गौरदेखि चन्द्रनिगाहपुरसम्म कर्फ्यु आदेश जारी गरिएको छ । सार्वजनिक सम्पत्तिमा तोडफोड र सरकारी कार्यालयमा आगजनी गरेपछि स्थानीय प्रशासनले कर्फ्यु लगाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी किरण निधि तिवारीका अनुसार गौरमा अवस्था बिग्रँदै गएपछि सोमबार दिउँसो १२ बजेदेखि अर्को आदेश नआएसम्म कर्फ्यु आदेश लागु गरिएको छ । यसअघि चन्द्रपुर नगरपालिकामा बिहान ११:३० बजेदेखि अनिश्चितकालका लागि कर्फ्यु लगाइएको थियो ।

चन्द्रनिगाहपुरमा आन्दोलनकारीहरूले नगरपालिका, इलाका प्रशासन कार्यालय, ट्राफिक प्रहरी कार्यालय, डिभिजन वन कार्यालयलगायतका सरकारी निकायमा आगजनी गरेका थिए । त्यस्तै इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको गाडीसमेत आगो लगाइएको थियो ।

गौरमा अहिले बीपी चोक आसपासमा प्रदर्शनकारीहरू आक्रामक बनेका छन् । चन्द्रपुरको तुलनामा त्यहाँको अवस्था केही शान्त देखिए पनि प्रशासनले सुरक्षाको जोखिम बढ्न सक्ने आकलन गर्दै कर्फ्यु आदेश लागु गरेको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : मानसिक चित्त दुख्ने समाचार सुन्नु पर्नेछ ।
वृष : उच्च मनोबल भएका व्यक्तिसंग सम्पर्क बढ्ने दिन रहेको छ ।
मिथुन : जे काम गर्दा पनि सफलता मिल्ने छैन।
कर्कट : धार्मिक, सामाजिक काममा लाग्दा राम्रो हुनेछ ।
सिंह : आम्दानीमा बढोत्तरी हुनेवाला छ ।नाम चल्ने काममा लगानी गर्ने दिन छ ।
कन्या : आटेका काम सबै पूरा नभए पनि निराशाको अनुभव नगरी लागि पर्दा राम्रो हुनेछ ।
तुला : मनमा त्रास, शंका, असन्तोष जस्तो अनुभव भै रहनेछ ।
वृश्चिक : नया पेशाको थालनीका लागि आज त्यति राम्रो छैन ।
धनु : स्वास्थ्य राम्रो, धेरैजसो समय सुखमय देखिन्छ ।
मकर : व्यापार व्यवसाय सोचे जस्तै हुनेछ ।
कुम्भः घरमा अनावश्यक कलह मच्चिन सक्ने हुनाले सतर्क रहनु होला ।
मीन : सरकारी काम बन्ने छैन ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# नेपाल पत्रकार महासङ्घका पूर्वपदाधिकारी तथा नागरिक समाजको अपिल




काठमाण्डु । नेपाल पत्रकार महासङ्घका पूर्वदाधिकारी तथा नागरिक समाजले काठमाडौँ बानेश्वरसहित देशका विभिन्न स्थानमा जेनजी पुस्ताले गरेको प्रदर्शनमा सरकारबाट गरिएको बर्बर दमनको विरोध गरेको छ।

प्रदर्शनीमा १९ युवा मारिएकामा आफूहरू अत्यन्तै स्तब्ध र मर्माहत भएको उल्लेख गर्नुभएको छ।

उहाँहरूले जारी गर्नुभएको अपीलमा भनिएको छ, "पछिल्ला दशकमा मुलुकमा बढेको भ्रष्टाचार, कुशासन र बेथिति अन्त्य तथा सरकारले प्रतिबन्ध लगाएको सामाजिक सञ्जाल फुकुवाको माग राखेर सडकमा शान्तिपूर्ण प्रदर्शनमा रहेका युवा विद्यार्थीमाथि संसद भवन अगाडि निर्मम र बर्बर ढङ्गले गरिएको गोली काण्डको हामी निन्दा गर्दछौँ।"

प्रदर्शनीका क्रममा मारिएका सम्पूर्ण प्रियजनप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै आफ्ना सन्तानको बियोगमा रहनुभएका सम्पूर्ण अभिभावक, आफन्तजनमा हृदयदेखि समवेदना व्यक्त गर्नुभएको छ। उहाँले कदम तत्काल चालेर परिस्थितिलाई अझ विकराल र जोखिमपूर्ण हुन नदिन अपील समेत गर्नुभएको छ। घटनाको छानबिन गर्न सर्वाधिकार सम्पन्न उच्चस्तरीय न्यायिक छानबिन आयोगसहित आन्दोलनको मूल मुद्दा भ्रष्ट्राचार नियन्त्रण गरी सुशासन कायम गर्न ठोस निर्णय गर्न माग गर्नुभएको छ।

मृतक परिवारलाई सत्य, न्याय, परिपूरण तथा घाइतेलाई निःशुल्क स्वास्थ्योपचारको सुनिश्चितताको व्यवस्था गर्न माग गर्दै अपीलमा भनिएकोछ, "प्रदर्शनमा घुसपैठ हुन नदिन, संयम अपनाउन र शान्तिपूर्ण आवाज बुलन्द पारिराख्न जेनजीका सबै युवा जनमा आह्वान गर्छौं।"

उहाँले सोमवारको घटना संलग्न केन्द्रदेखि जिल्लासम्मका सुरक्षा प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी तथा असंवैधानिक आदेश कार्यान्वयनमा लैजाने सञ्चार मन्त्रालयका सचिवदेखि दूरसञ्चार प्राधिकरण र सरोकारवाला निकायका अधिकारीहरूलाई तत्काल निलम्बन गरी छानबिनको माग गर्नुभएको छ।

उहाहरूले घाइते पत्रकारको उपचारका साथै निर्वाध रूपले समाचार सङ्कलन र सम्प्रेषण गर्ने वातावरणको सुनिश्चितता माग समेत गर्नुभएको छ। यसरी अपील गर्नुहुनेमा महास्ङघका पूर्वअध्यक्षका तारानाथ दाहाल र गोविन्द आचार्य, उपसभापतिहरू रमेश विष्ट, खिलबहादुर भण्डारी, रिपोर्टर्स क्लबका ऋषि धमला र परिष्ठ पत्रकार राजन कुइँकेलगायत हुनुहुन्छ।रासस

# सामाजिक सद्भाव तथा राष्ट्रिय एकता कायम गर्न नेपाली सेनाको अनुरोध

काठमाण्डु । नेपाली सेनाले विद्यमान परिस्थितिलाई थप जटिल हुन नदिन सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई कामय राख्दै संयमित हुन सम्पूर्ण युवा जनशक्ति र देशवासीमा अनुरोध गरेको छ।

सेनाले मंगलबार एक अनुरोध जारी गर्दै यस विषयम परिस्थितिमा देशको ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र राष्ट्रिय सम्पतिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व भएको जनाएको छ।

सेनाले भनेको छ, "नेपाल र नेपाली जनताको हित र सुरक्षामा सदैव समर्पित नेपाली सेनाले हाल विकसित अवस्थालाई मध्यनजर गर्दै नेपाल र नेपाली जनताको जीउधनको रक्षा गर्न प्रतिबद्ध रहीआएको छ।"

सेनाले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षा र नेपाली जनताको जीउधनको सुरक्षाका लागि नेपाली सेना प्रतिबद्ध रही आएको उल्लेख गरेको छ ।नेपालमा हाल भइरहेको जेन्जी आन्दोलनका विकसित घटनाक्रमबारे विश्लेषण गरिरहेको जनाउँदै सेनाले यस आन्दोलनका क्रममा हुन पुगेको जनधनको अपुरणीय क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना गरेको छ।

साथै शोक सन्तप्त परिवारजनप्रति नेपाली सेनाले



हार्दिक समवेदना र सहानुभूति व्यक्त गरेको छ। सेनाले घाइते बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरेको छ।

**संयमता अपनाउन डा. सन्दुक रुइतको अपिल**

वरिष्ठ नेत्र रोग विशेषज्ञ तथा डा.सन्दुक रुइतले जेनजी आन्दोलनकारीहरूलाई संयमता अपनाउन अपिल गर्नुभएको छ।

उहाँले सामाजिक सञ्जालमार्फत परिवर्तनका लागि सडकमा विरोध प्रदर्शन गरिरहेका उनीहरूलाई सार्वजनिक सम्पत्तीको रक्षा गर्नु हरेक नेपालीको दायित्व भएको स्मरण गराउनुभएको छ ।उहाँले भन्नुभएको छ, "भाइबहिनीहरू, तपाईँहरूले देखाउनुभएको अदम्य साहसका कारणले असहिष्णु राजनीतिक नेतृत्व पछाडि हटिसकेको छ। यस्तो अवस्थामा सार्वजनिक सम्पत्तिमाथि आगजनी गर्नु र नष्ट गर्नु उचित हुँदैन।"

उहाँले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हरेक नागरिकको पहिलो दायित्व भएको दोहोर्याउँदै उहाँले भन्नुभएको छ, "सार्वजनिक

> "भाइबहिनीहरू, तपाईँहरूले देखाउनुभएको अदम्य साहसका कारणले असहिष्णु राजनीतिक नेतृत्व पछाडि हटिसकेको छ । यस्तो अवस्थामा सार्वजनिक सम्पतिमाथि आगजनी गर्नु र नष्ट गर्नु उचित हुँदैन ।"

सम्पत्तिको नोक्सानी नगरौँ र गर्न नदिउँ। संयम बनौँ, सबै मिलेर देश जोगाउँ, सबै जुटेर देश बनाउँ।"

**प्रदर्शन शान्तिपूर्ण बनाउन आयोगको आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले प्रदर्शनलाई शान्तिपूर्ण, मर्यादित र संयमित बनाउने कार्यमा जिम्मेवार हुन प्रदर्शनरत पक्षलाई आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा विगतका घटनाबाट शिक्षा लिँदै मंगलबारको प्रदर्शनमा थप मानवीय र भौतिक क्षति हुन नदिनका लागि प्रदर्शनलाई गम्भीरतापूर्वक लिन आयोगले आग्रह गरेको हो।

प्रदर्शनका क्रममा भएको मानव अधिकारको उल्लङ्घनको अनुसन्धानका लागि आयोगले मंगलबार आयोगका सदस्य डा लिली थापाको संयोजकत्वमा अनुसन्धान टोली गठन गरेको जनाएको छ।

**अब संयमित हुनुहोलाः महानगर प्रमुख बालेन**

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन)ले प्रदर्शनमा संलग्न 'जेनजी पुस्ता'लाई संयमित रहन अपिल गर्नुभएको छ।

महानगर प्रमुख बालेनले सामाजिक सञ्जाल (फेसबुक) मार्फत सोमबारदेखि मुलुकभर सुरु भएको आन्दोलन 'जेनजी पुस्ता'को भएको स्पष्ट पार्दै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा आइसकेकाले प्रदर्शनकारीलाई संयमित रहन आग्रह गर्नुभएको हो।

"देशको जनधनको क्षति भनेको तपाईं हाम्रै सम्पत्तिको क्षति हो, अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नु पर्नेछ, तयार रहनुहोला", उहाँले सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ। रासस

# आन्तरिक उडान बन्द, अन्तरराष्ट्रियतर्फ आधा दर्जन विमान आकाशमै

काठमाण्डु । प्रतिकूल अवस्थाका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने हवाई उडान पूर्ण रुपमा प्रभावित भएको छ। आन्तरिक उडान पूर्ण रुपमा ठप्प छ भने अन्तरराष्ट्रियतर्फका आधा दर्जन विमान आकाशमा 'होल्ड' भएका छन् । हिमालय एयरलाइन्सको विमान 'डाइभर्ट' भएको छ।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार आजका लागि आन्तरिक उडान बन्द गरिएको छ। अन्तरराष्ट्रियतर्फका विमानबारे छिट्टै निर्णय लिइने उहाँले बताउनुभयो । 'फ्लाइट रार्डर'का अनुसार सिमरामाथिको आकाशमा ती विमानहरुले फन्को लगाइरहेका छन् । भारतको मुम्बईबाट आएको एयर इन्डिगो, नयाँ दिल्लीबाट आएको इन्डिगो र नयाँदिल्लीबाटै आएको भिस्तारा एयरलाइन्स होल्ड भएका छन्।

यस्तै थाइल्यान्डको राजधानी बैङ्कबाट आएको एयर एसिया, बैङ्कबाटै आएको थाई लायन र बङ्गलादेशको राजधानी ढाकाबाट आएको विमान बङ्गलादेश होल्डमा बसेका हुन् । विमानस्थलको दक्षिणतर्फ ठूलठूला आगजनी र धुवाँको मुस्लो रहेकाले विमानस्थलको हवाई सुरक्षालाई मध्यनजर गदै हवाई उडान




बन्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ।

**त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बन्द**

पछिल्लो विकसित परिस्थितिका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बन्द गरिएको छ । विमानस्थलका प्रवक्ता शेर्पाका अनुसार आज राति १ बजेसम्मका लागि विमानस्थलको सम्पूर्ण उडान बन्द गरिएको हो। विभिन्न गन्तव्यबाट आएका अन्तरराष्ट्रिय उडानका विमानहरु डाइभर्ट गरिएका छन्।

अन्तरराष्ट्रिय विमानस्थल बिहान ६ देखि राति १ बजेसम्ममा सञ्चालन हुँदै आएको थियो । विमानस्थलको दक्षिणतर्फ ठूलठूला आगजनी र धुवाँको मुस्लो रहेकाले विमानस्थलको हवाई सुरक्षालाई मध्यनजर गर्दै हवाई उडान बन्द गरिएको विमानस्थल कार्यालयले जनाएको छ।

आन्तरिकतर्फ १२ हेलिकोप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन्। अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन्। 'जेनजी पुस्ता'को प्रदर्शनले काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा आगजनी गरिएको छ।

**हिमालय एयरलाइन्सको विमान पोखरा 'डाइभर्ट'**

तिब्बतको ल्हासाबाट काठमाडौँ आएको हिमालय एयरलाइन्सको विमान पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण भएको छ । विषम परिस्थितिलगायत प्राविधिक कारणले काठमाडौँ आएको हिमालयको विमान 'डाइभर्ट' भई पोखरा अवतरण भएको हो।

उपत्यकाभित्रको विषम परिस्थितिलगायत त्रिभुवन विमानस्थल वरपर र उडान अवतरण मार्गको विभिन्न स्थानमा देखिएको धुवाँजस्ता कारणले जहाजको सुरक्षामा गम्भीर असर पर्ने देखिएकाले विमान पोखरा डाइभर्ट गरिएको विमानस्थल कार्यालयले जनाएको छ । उक्त विमानमा चिनियाँ नागरिक रहेको जनाइएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार तिब्बतको ल्हासाबाट काठमाडौँ आएको उक्त विमान सिमरामाथिको आकाशमा लामो समय होल्ड भएपछि पोखरा विमानस्थलमा डाइभर्ट गरिएको हो।रासस

# सुरक्षाको प्रत्याभूति भएपछि मात्र यातायात सेवा दिन निर्देशन

काठमाण्डु। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले शान्ती सुरक्षाको प्रत्याभूति भए पश्चात् मात्र यातायात सेवा दिन निर्देशन दिएको छ।

महासङ्घले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै सोमबार 'जेनजी पुस्ता'को प्रदर्शनका क्रममा १९ जनाले ज्यान गुमाएपछि आन्दोलन झन् चर्किएको भन्दै सहज वातावरण नभएसम्म यातायात सेवा सञ्चालन नगर्न यातायात व्यवसायीलाई निर्देशन



दिएको हो।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले देशभर सञ्चालित सार्वजनिक यातायात र ढुवानी मालवाहक सवारी साधन सञ्चालन गर्न असहज परिस्थिति सिर्जना भएको तथा काठमाडौँ उपत्यकासहित देशभरको जनजीवन प्रभावित भई नेपाल सरकारबाट विभिन्न स्थानमा कर्फ्यू आदेश भएको हुँदा सवारी साधन सञ्चालन नगर्न आग्रह गर्नुभयो।

"सोमबार भएको दुःखद् घटनाका कारण काठमाडौँ उपत्यकासहित देशभरको जनजीवन प्रभावित भई नेपाल सरकारबाट विभिन्न स्थानमा कर्फ्यू आदेश भएको हुँदा उपत्यकासहित देशभर सञ्चालित सार्वजनिक यातायात र ढुवानी मालवाहक सवारी साधन सञ्चालन गर्न असहज परिस्थिति सिर्जना भएको छ," उहाँले भन्नुभयो, "सरकारबाट उचित शान्ती सुरक्षाको प्रत्याभूति नभएसम्मका लागि उपत्यकासहित देशभर यात्रुवाहक र मालवाहक सार्वजनिक यातायातका सवारी साधन सञ्चालन नगर्न नगराउन अनुरोध गरेका छौँ।"

महासङ्घले सोमबार भएको घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। घाइतेको उपचार गर्न महासङ्घले सरकारसँग माग गरेको छ।रासस

# देशका प्रमुख भवनमा तोडफोड र आगजनी



काठमाण्डु । काठमाडौँ उपत्यकासहित देशका विभिन्न ठाँउमा प्रदर्शनकारीबाट भएको आक्रमणको निशानामा देशको प्रमुख प्रशासनिक केन्द्र सिहदरबारलगायत महत्त्वपूर्ण भवन र संरचना क्षति भएका छन्।

काठमाडौँ बानेश्वरसहितका स्थानमा जेन्सी समूहबाट आयोजित प्रदर्शनपछि भड्किएको घटना र आगजनीमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका मुख्य भवन जलेका हुन्।

सिँहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भवन, रामशाहपथस्थित सर्वोच्च अदालत र नयाँ बानेश्वरस्थित सङ्घीय संसद् आगलागीबाट ध्वस्त भएको छ।

प्रदर्शनकारीले रामशाहस्थित महान्यायाधीवक्ताको कार्यालय तथा ट्राफिक कार्यालयसमेत आगजनी गरेका छन् । प्रदर्शनीकारीबाट नेकपा(एमाले) अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा(माओवादीकेन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाललगायतका निवासमा तोडफोड र आगजनी गरिएको छ।

एमालेका नेता गोकुल बास्कोटा, महेश्व बस्नेत, महेश बर्तौलालगायतका निवासमा पनि आगजानी र तोडफोड भएको छ । आन्दोलनकारीले केही नेताहरूलाई पनि हातपात गरेको सूचना प्राप्त भएको छ। देशका मुख्य शहरहरूका महत्त्वपूर्ण भौतिक संरचना र निवासमा पनि आन्दोलनकारीबाट क्षति पुऱ्याइएको छ ।जेन्जी पुस्ताको प्रदर्शनीमा प्रहरी कारवाहीमा होनाहार १९ युवा मारिएपछि प्रदर्शनीले उग्ररुप धारणा गरेको थियो ।रासस

## संवादको माध्यमबाट समस्या समाधान गर्न सार्वजनिक आग्रह

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा मंगलबार बसेको प्रदेशको शान्तिसुरक्षा सम्बन्धीको बैठकले जेन-जीलगायत नयाँ पुस्ताबाट उठाइएका जायज मागप्रति छलफल र संवादको माध्यमबाट समस्या समाधान गर्न सार्वजनिक आह्वान गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले उनीहरुका मागप्रति प्रदेश सकार, सरकारी निकाय र संयन्त्र सकारात्मक रहेको सन्देश दिई छलफल तथा संवादको माध्यमबाट समस्या समाधान गर्न सार्वजनिक आह्वान गर्ने निर्णय गरेको मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।रासस

# जेनजी पुस्ताको माग सुनुवाइ गरेर सहज वातावरण सिर्जना गर्न आग्रह

काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले हालै २८ वर्षमुनिका युवाहरू (जेनजी)ले गरेको शान्तिपूर्ण प्रदर्शनका क्रममा ज्यान गुमाएका र घाइते भएका घटनाप्रति दुःख व्यक्त गरेको छ। संस्थाले घटनाबाट उत्पन्न चिन्ताजनक अवस्था सम्बोधन गर्न सरकारलाई आग्रह गरेको छ।

विभिन्न स्थानमा मंगलबार पनि विरोध प्रदर्शन जारी रहेको बेलामा असहज परिस्थितिपछि



सबै प्रदर्शनकारीहरूलाई थप हानि हुनबाट बचाउन इप्पानले माग गरेको छ। इप्पानका अध्यक्ष गणेश कार्कीले प्रदर्शनकारीले उठाएका भ्रष्टाचार अन्त्य गर्ने, जवाफदेहिता प्रदान गर्ने र नागरिक स्वतन्त्रता सुनिश्चित गर्ने जस्ता वैध माग सरकारबाट यथोचित सुनुवाइ हुनुपर्ने माग गर्नुभयो।

"घटनाको सत्यतथ्य छानबिन गर्न, मृतकका परिवारलाई क्षतिपूर्ति दिन र घाइतेको निःशुल्क उपचार गर्न सरकारसँग माग गर्दछौँ," उहाँले भन्नुभयो। घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै इप्पानले उनीहरुको उपचारका लागि आर्थिक तथा भौतिक सहयोग गर्न सम्पूर्ण ऊर्जा उद्यमीलाई अपिल गरेको छ।रासस

# आमनागरिकलाई संयमित हुन सुरक्षा र कर्मचारी नेतृत्वको अपिल


काठमाण्डु । सुरक्षा र कर्मचारी नेतृत्वले सोमबारदेखि काठमाडौँ उपत्यकासहित देशभर जारी जेनजीको प्रदर्शनबाट उत्पन्न परिस्थितिमा थप जनधनको क्षति हुन नदिन आमनागरिकसँग अपिल गर्नुभएको छ।

कर्मचारी तन्त्रका प्रमुख र चार वटै सुरक्षा निकायका प्रमुखले मंगलबार संयुक्त अपिल जारी गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्वीकृतसमेत भएको अवस्थामा सबैलाई संयमित हुन आग्रह गर्नुभएको हो।

उहाँहरुले वर्तमान विषम परिस्थितिमा राजनीतिक संवादको माध्यमबाट यथाशक्य छिटो शान्तिपूर्ण समाधान निकाल्न सम्बद्ध सबैमा अपिल गर्नुभएको छ।

नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, प्रधान सेनापति अशोकराज सिग्देल, गृह सचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापाले संयुक्त रुपमा उक्त अपिल गर्नुभएको हो।

सोमबारदेखिकाठमाडौँलगायत मुलुकका विभिन्न भागमा भएको प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भएको उल्लेख गर्दै उहाँहरुले त्यसबाट ज्यान गुमाउने व्यक्तिप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।रासस




अपिल

मिति: २०८२ भाद्र २४

हिजोदेखि काठमाण्डौ लगायत मुलुकका विभिन्न भागमा भएको प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भएको छ। यसबाट ज्यान गुमाउने व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली एवम् सम्बद्ध परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

सम्माननीय प्रधानमन्त्रीज्यूको राजिनामा स्वीकृत समेत भएको हुँदा यस विषम परिस्थितिमा थप जनधनको क्षति हुन नदिन आम नागरिक सबैलाई संयमित हुन हार्दिक आग्रह गर्दछौं। यस विषयमा राजनीतिक संवादको माध्यमबाट यथाशक्य छिटो शान्तिपूर्ण समाधान निकाल्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछौं।

एकनारायण अर्याल, मुख्य सचिव, नेपाल सरकार
अशोक राज सिग्देल, प्रधान सेनापति, नेपाली सेना
गोकर्णमणी दुवाडी, गृह सचिव, नेपाल सरकार
राजु अर्याल, महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल
चन्द्र कुवेर खापुङ, महानिरीक्षक, नेपाल प्रहरी
हुतराज थापा, प्रमुख अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अराजक ओली'को अवसानपछिको मुलुकको भविष्य

नेपाली कांग्रेस-नेकपा एमालेको संयुक्त रुपमा रहेको गठबन्धनको सरकार अत्यधिक शक्तिशाली थियो । दुई ठूला दल अप्रत्याशित रुपमा मिल्दा संसदीय अभ्यासप्रतिको लोकतन्त्रमाथिको प्रहारको रुपमा पनि विपक्षी दलहरुले भन्ने गरेका थिए । जति शक्तिशाली सरकार थियो । त्यति नै अराजक र बोलीमा ठेगान नभएका व्यक्तिलाई प्रधानमन्त्री बनाउँदा आज उनको अवसान निकै कठोर र असाहाय रुपमा केपी शर्मा ओलीलाई सरकारबाट आफ्नै कारणले बाहिरिनु परेको छ । आउने दिनमा नेकपा एमाले र मुलुकले पनि आजको दिनको समीक्षा अवश्य पनि गर्ने नै छ । नेपाली राजनीतिक इतिहासमा पटक-पटक पुष्टि भइसकेको छ की मुलुकलाई निरंकुश र नोकरशाही शासक नभइ जनताको सेवक र जनसमर्पित नेताको आवश्यकता छ भन्ने पुष्टि जेनजीको आन्दोलनले पुष्टि गरेको छ । सोमबार भएको जेनजी आन्दोलनका क्रममा प्रहरीको गोली लागेर २० जनाको ज्यान गयो, सयौँ युवापुस्ताका नागरिकलाई अंगभंग गराएर, आफ्नै लगायत सबैजसो शीर्ष नेता र मन्त्रीहरूको घर जल्ने परिस्थिति सिर्जना गरेपछि ओलीले मंगलबार दिउँसो राजीनामा दिन बाध्य भएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक इतिहासमा ओली सबैभन्दा बढी क्रूर र दम्भी प्रधानमन्त्रीको रुपमा नाम दर्ज हुन पुगेका छन् । १६ महिनाअघि जुन छलकपटबाट ओली प्रधानमन्त्री बनेका थिए, उनको राजनीतिक अवसान पनि त्यसैगरि भएको छ । जेनजी पुस्ताका २० जना बालबालिकासहितका युवा नागरिकहरूको सोमबार भएको आमहत्यापछि नै आमजनताले उनीबाट राजीनामाको अपेक्षा गरेका थिए । तर हठ र दम्भमा रुमल्लिएका ओलीले समयको आवाजलाई बोध गर्न नसक्दा अन्ततः अवसानतर्फ नै अग्रसर हुनु परेको छ । यति ठूलो नरसंहार हुँदा पनि ओलीमा जिम्मेवारीबोध थिएन । राजधानी काठमाण्डुमा कर्फ्यु लगाएर दमनको भरमा सत्ता टिकाउने ध्येयमा लागे । नागरिक आवाज र पीडा सुन्ने-बुझ्ने भन्दा नरसंहारलाई जायज ठहऱ्याउने कुकर्ममा चुर्लुम्म डुबे । ओली कति क्रूर राजनीतिक पात्र हुन् भने २०७७ र ०७८ मा दुईदुई पटक गरेको संसद् विघटनले नै देखाउँछ । खासमा सो ओलीबाट भएको अक्षम्य राजनीतिक अपराध नै थियो । माफी दिनै नहुने अपराधमा समेत उनले उन्मुक्ति नै पाए । पुष्पकमल दाहाल (प्रचण्ड) र शेरबहादुर देउवाबाट पुरस्कृत समेत भए । प्रचण्डले त्यसको परिणाम गत असारमै भोगिसके भने देउवा दम्पतीसहितले अहिले भोग्नु परेका छन् । संविधान कुल्चेर ओलीले गरेको विघटनमा उन्मुक्ति नदिइएको भए ठूला राजनीतिक दल, तिनका नेता र समग्र देशले हिजो र आजको क्षति बेहोर्नु पर्ने थिएन । यी शीर्षनेतृत्वहरुको कारण संघीयता, लोकतन्त्र र गणतन्त्रमाथि यति धेरै प्रश्न पनि उठ्ने थिएन । दुईदुई पटकको संसद् विघटन, सोमबार र मंगलबार भएको जनधनको क्षतिको अपराधमा उनी सजायका भागिदार छन् । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप मलजल गर्दै नयाँ पुस्ताले जनभावना अनुरुप मुलुकमा जनताको लागि जनताद्वारा जनतामाथि शासन गर्ने भन्दा पनि जनताको सेवामा समर्पित र जनताको समस्याको तत्काल निराकरण गर्ने उपायसहितको भविष्यको मार्गचित्र कार्यान्वयन गर्ने निकाय र दृढ संकल्पसहितको जनताको सरकार अहिलेको आवश्यकता छ ।

# निजामती सेवा: सैद्धान्तिक अवधारणा र रुपान्तरणको मार्ग



रमेश पाण्डेय

निजामती सेवा राष्ट्को प्रशासनिक संरचनाको मेरुदण्ड मानिन्छ । यसले राज्यका नीतिगत निर्णयलाई व्यवहारमा परिणत गर्ने र नागरिकसँग राज्यलाई प्रत्यक्ष रूपमा जोड्ने काम गर्दछ । सार्वजनिक प्रशासनसँगै कर्मचारी प्रशासन पनि विकसित भए तापनि आधुनिक अर्थमा निजामती सेवाको अवधारणा १९औँ शताब्दीको उत्तरार्द्धतिर मात्र प्रष्ट भएको पाइन्छ । १९औँ शताब्दीपूर्वका धेरै देशमा संरक्षण प्रणाली र लुट प्रणाली प्रचलनमा थिए । यसले प्रशासनलाई अस्थायी, अक्षम र राजनीतिक प्रभावमा पार्ने गरेको थियो । त्यसको विकल्पका रूपमा स्थायी, दक्ष, व्यावसायिक र राजनीतिक तटस्थ प्रशासनिक संरचनाको आवश्यकता महसुस गरियो, जसलाई आजको आधुनिक निजामती सेवा भनिन्छ ।

**अन्तरराष्ट्रिय विकासक्रम**

उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा पश्चिमी देशहरूले आधुनिक निजामती सेवाको संरचना स्थापनामा महत्वपूर्ण कदम चालेका थिए । बेलायतमा सन् १८५४ मा प्रकाशित नर्थकोट एण्ड ट्रेभेल्यान रिपोर्टले प्रशासनिक सुधारका आवश्यकता र मार्गदर्शन प्रस्तुत गऱ्यो । यस रिपोर्टले तत्कालीन संरक्षण प्रणाली र लुट प्रणालीले प्रशासनलाई अस्थायी, अक्षम र राजनीतिक प्रभावमा पार्ने अवस्थालाई अन्त्यगरी स्थायी, व्यावसायिक, दक्ष र निष्पक्ष प्रशासनिक संरचना आवश्यक रहेको सिफारिस गऱ्यो । रिपोर्टको कार्यान्वयनपश्चात् मेरिटमा आधारित भर्ना प्रणाली लागू भयो, जसले योग्य र दक्ष व्यक्तिहरूलाई मात्र सरकारी सेवामा प्रवेश सुनिश्चित गऱ्यो । यसले प्रशासनलाई स्थायी, व्यावसायिक र तटस्थ बनाउने आधार तयार गरेको हो ।

त्यस्तै, अमेरिकामा सन् १८८३ मा पेन्डलेटन एक्ट लागू गरी स्पोइल्स प्रणाली अन्त्य गरियो र मेरिट प्रणाली सुरु भयो । यस ऐनले राजनीतिक प्रभावमा आधारित नियुक्ति प्रणालीलाई प्रतिस्थापन गर्दै सरकारी सेवामा योग्य र दक्ष कर्मचारीको चयन सुनिश्चित गऱ्यो । यसले प्रशासनमा स्थायित्व, जवाफदेहिता र निष्पक्षता बढाउने वातावरण सिर्जना गरेको हो ।

यसरी बेलायत र अमेरिकामा १९औँ शताब्दीको उत्तरार्द्धदेखि सुरु भएको मेरिट प्रणाली र व्यावसायिक प्रशासनिक संरचनाको अभ्यासले आधुनिक निजामती सेवाको विश्वव्यापी मोडेलको रूपरेखा तय गरेको छ । यी अभ्यासले प्रशासनिक दक्षता, तटस्थता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नमा मार्गदर्शन प्रदान गरेको छ, जसलाई पछि धेरै देशले आफ्नो राष्ट्रिय सन्दर्भ अनुसार अनुकूलन गरी अपनाएका छन् ।

**नेपाली सन्दर्भ**

नेपालमा निजामती सेवाको औपचारिक विकास क्रमशः राजनीतिक परिवर्तन र प्रशासनिक सुधारका प्रयाससँग जोडिएको पाइन्छ । विसं २००७ को राजनीतिक परिवर्तनपछि आधुनिक प्रशासनिक सुधारको आवश्यकता महसुस भई प्रारम्भिक प्रयासहरू गरिए । त्यसको परिणामस्वरूप २००८ सालमा लोक सेवा आयोगको स्थापना भई निष्पक्ष र प्रतियोगितामूलक भर्ना प्रक्रियाको आधार तयार भयो । त्यसपछि २००९ सालमा प्रशासन सुधारका लागि बुच कमिसन गठन गरिएको थियो, जसले नेपालमा कर्मचारी प्रशासनलाई व्यवस्थित र उत्तरदायी बनाउन विभिन्न सिफारिसहरू गऱ्यो। यद्यपि, नेपालमा आधुनिक अर्थमा निजामती सेवाको औपचारिक अभ्यास भने विसं २०१३ मा जारी भएको निजामती सेवा ऐनसँगै मात्र सुरु भएको हो ।

नेपालको संविधान २०७२ अनुसार, निजामती सेवा राज्यको स्थायी संयन्त्र हो । यसले निष्पक्ष, दक्ष, उत्तरदायी र नागरिकमैत्री प्रशासनिक सेवा सुनिश्चित गर्नुपर्ने प्रावधान राखेको छ । साथै, लोक सेवा आयोगमार्फत प्रतियोगितामूलक र पारदर्शी भर्ना प्रणालीलाई सुनिश्चित गरिएको छ । निजामती सेवा कुनै पनि राष्ट्रको शासन प्रणालीको मेरुदण्ड हो । बेलायत र अमेरिकाले १९औँ शताब्दीमै सुरु गरेको 'मेरिटमा आधारित प्रणाली' पछ्याउँदै नेपालले २०१३ सालको ऐनपछि मात्र यसको औपचारिक अभ्यास सुरु गरेको हो । वर्तमान संविधानले यसलाई अझै संस्थागत गर्दै नागरिकलाई सेवा वितरण र सुशासन प्रवर्द्धनमा अपरिहार्य बनाएको छ ।

> स्थानीय तहलाई अधिकार हस्तान्तरण भए पनि प्रशासनिक संरचना अझै केन्द्रमुखी छ, जसले ग्रामीण र दुर्गम क्षेत्रमा सेवा प्रवाह कमजोर बनाएको देखिन्छ । यहाँ व्यक्तिगत स्वार्थ, राजनीतिक सरोकार र पदोन्नतिको चिन्ता जनसेवाभन्दा अगाडि देखिन्छ, जसले सेवाप्रवाहको गुणस्तरलाई घटाएको छ । यससँगै सशक्त र सचेत नागरिक समाजको अभावले प्रशासनिक गलत अभ्यासलाई चुनौती दिन सक्ने दबाब पनि कमजोर बनाएको छ ।

निजामती सेवा मूलतः गैरराजनीतिक र गैरसैनिक चरित्रको स्थायी प्रकृतिको प्रशासनिक सेवा हो, जसका आफ्नै विशेषताहरू छन् । पहिलो, यो सेवाले राज्यको संविधान, ऐन र कानुनद्वारा संरक्षण प्राप्त गर्छ, जसले यसको वैधानिकता र स्थायित्व सुनिश्चित गर्दछ । दोस्रो, यसमा योग्यता प्रणालीमा आधारित भर्ना र पदोन्नति हुन्छ, जसलाई लोक सेवा आयोगमार्फत निष्पक्ष र प्रतियोगितामूलक ढङ्गले व्यवस्थापन गरिन्छ । तेस्रो, निजामती सेवा कानुनी आधारमा स्थापित भएकाले यसमा तोकिएको तलब, भत्ता र निवृत्तिभरणको सुविधा सुनिश्चित गरिएको छ, जसले सेवाको स्थायित्व र सामाजिक आकर्षण बढाउँछ ।

यससँगै कर्मचारी प्रशासनलाई व्यवस्थापन गर्न केन्द्रीय निकाय (जस्तै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लोक सेवा आयोग) को व्यवस्था गरिएको छ । निजामती सेवामा निश्चित कर्मचारी प्रशासनिक आधारहरू, सेवाको सुरक्षा र सामाजिक प्रतिष्ठा समेत कायम गरिएको पाइन्छ । यसका अतिरिक्त, सेवामा विशेषज्ञ व्यक्तिहरूको बाहुल्यता, पदसोपानमा आधारित कार्यव्यवस्था, लेखाजोखासहितको लिखित अभिलेख प्रणाली र राजनीतिक रूपमा निष्पक्ष तथा तटस्थ चरित्र यसको प्रमुख विशेषताहरू हुन् । नेपालमा हाल यो सेवा राजपत्राङ्कित र राजपत्र अनङ्कित गरी वर्गीकरण गरिएको छ, जसले सङ्गठनात्मक स्पष्टता र पदानुक्रमलाई व्यवस्थित बनाएको देखिन्छ ।

**समस्या के छन् ?**

निजामती सेवा सरकार र जनताबीचको मुख्य सेतु हो, तर व्यवहारमा यसले आफ्नो उद्देश्यअनुसार दक्ष, पारदर्शी र जवाफदेही सेवाप्रवाह गर्न नसकेको भन्ने आलोचना खेप्ने गरेको छ । नेपालमा अझै पनि प्रशासन परिणाममुखी नभई प्रक्रियामुखी रहेको गुनासो छ, जसका कारण अनावश्यक कागजी झन्झट र ढिलासुस्तीले नागरिकलाई निराश बनाउँछ । प्रशासनिक निर्णय प्रक्रियामा धेरै तह र निकाय पार गर्नुपर्ने जटिलताले सेवाप्रवाह ढिलो गराउँछ र यसले घुसखोरी र भ्रष्टाचारको सम्भावना बढाउँछ ।

यसैगरी, एउटै प्रकारका सेवा दिने विभिन्न निकायबीच पर्याप्त समन्वय नहुँदा सेवाको दोहोरोपन, स्रोतको दुरुपयोग र नागरिकमा भ्रम बढेको छ ।नेपालको प्रशासन अझै पनि गोप्यतामुखी संस्कृतिमा आधारित छ । यद्यपि, सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भए पनि व्यवहारमा पारदर्शिता र सूचनामा पहुँच सीमित छ ।

त्यस्तै, कर्मचारी प्रशासनमा अनुशासनको कमी, ढिलासुस्ती, सेवाग्राहीप्रति उदासीनता र गैरजिम्मेवारीपन मौलाएको आरोप छ । स्थानीय तहलाई अधिकार हस्तान्तरण भए पनि प्रशासनिक संरचना अझै केन्द्रमुखी छ, जसले ग्रामीण र दुर्गम क्षेत्रमा सेवा प्रवाह कमजोर बनाएको देखिन्छ । यहाँ व्यक्तिगत स्वार्थ, राजनीतिक सरोकार र पदोन्नतिको चिन्ता जनसेवाभन्दा अगाडि देखिन्छ, जसले सेवाप्रवाहको गुणस्तरलाई घटाएको छ । यससँगै सशक्त र सचेत नागरिक समाजको अभावले प्रशासनिक गलत अभ्यासलाई चुनौती दिन सक्ने दबाब पनि कमजोर बनाएको छ ।

समसामयिक व्यवहारमा नयाँ समस्याहरू थपिएका छन् । डिजिटल सरकार र इ-गभर्नेन्सको चर्चा भए पनि सूचना प्रविधि प्रयोग अपर्याप्त छ, धेरै सेवा अझै पनि कागजमा आधारित छ । राजनीतिक हस्तक्षेप बढ्दो छ, जसका कारण नियुक्ति, सरुवा र बढुवामा निष्पक्षता कमजोर हुन्छ । त्यस्तै, मानव स्रोत विकासमा कमजोरी, आधुनिक सीप र दक्षताको कमी देखिन्छ । कानुनी संरचना भए पनि भ्रष्टाचार अझै व्यापक छ, जसले नागरिकलाई "सेवा लिन घुस दिनैपर्ने", अनुभव दिलाउँछ ।

सेवा प्रवाहमा ग्रामीण सहरी, केन्द्र परिधि र धनी गरिबबीच असमानता विद्यमान छ । दुर्गम क्षेत्रका नागरिकले सहजै सेवा पाउन सकेका छैनन् । साथै, मेहनती र उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहन दिने प्रभावकारी प्रणाली नभएकाले कार्य सन्तुष्टि घटेको छ । नागरिकमैत्री सेवा भन्ने भनाइ व्यवहारमा लागू हुन सकेको छैन, किनकि सेवाग्राहीको गुनासो सुन्ने र समाधान गर्ने संयन्त्र कमजोर छ । यी सबै कारणले गर्दा निजामती सेवा सरकार नागरिक बीचको प्रभावकारी पुल बन्न अझै मेहनत गर्नुपर्ने छ । जसलाई सुधार गर्न परिणाममुखी सोच, पारदर्शिता, विकेन्द्रीकरण, प्रोत्साहन प्रणाली र सशक्त नागरिक समाज अपरिहार्य देखिन्छ ।

**रूपान्तरणको मार्ग**

नेपालमा निजामती सेवाको प्रभावकारिता बढाउनका लागि व्यवहारिक सुधारका उपायहरू अवलम्बन गर्नु आवश्यक छ । पहिलो, परिणाममुखी प्रशासन लागू गर्नु अत्यावश्यक छ । यसका लागि नेपाल सरकारले केही प्रदेश तथा स्थानीय तहमा ' नतिजामा आधारित बजेटिङ' र 'सेवा स्तर सम्झौता' जस्ता अभ्यास सुरु गरेका छन्, जसले कर्मचारीलाई परिणाममुखी बनाउने र ढिलासुस्ती घटाउने प्रयास गरेको देखिन्छ । दोस्रो, समन्वय सुधार र केन्द्र समीकरण घटाउने उपाय लागू गर्नुपर्नेछ ।

तेस्रो, सूचना प्रविधिको प्रभावकारी प्रयोग अपरिहार्य छ । नेपाल सरकारले इ-गभर्नेन्स नीति स्पष्ट गर्नु पर्नेछ । विभिन्न अनलाइन सेवाहरू जस्तैः सवारी दर्ता, कर भुक्तानी र जन्म मृत्यु दर्ताजस्ता सेवा डिजिटल माध्यमबाट उपलब्ध गराउने प्रयास भइरहेको छ । यसले पारदर्शिता बढाउने र सेवाग्राहीको पहुँच सजिलो बनाउने कार्य गरेको छ । चौथो, अनुशासन र उत्तरदायित्व कायम गर्ने उपाय अपनाउनुपर्नेछ ।

पाँचौँ, मानव स्रोत विकास र प्रशिक्षण कार्यक्रम अभिवृद्धि गर्नुपर्छ । विभिन्न प्रशिक्षण केन्द्रहरूले निरन्तर कर्मचारीलाई नवप्रविधि, डिजिटलीकरण, सार्वजनिक सेवा मापदण्ड र अन्तरराष्ट्रिय अभ्याससम्बन्धी तालिम उपलब्ध गराउँदै आएका छन् । छैटौँ, प्रोत्साहन प्रणाली मजबुत बनाउने उपाय आवश्यक छ । हाल नेपाल सरकारका केही मन्त्रालयहरूले उत्कृष्ट कर्मचारीको कामलाई वार्षिक पुरस्कार र उत्प्रेरणासँग जोड्ने प्रणाली कार्यान्वयन गरिसकेका छन् ।

सातौँ, सशक्त नागरिक समाजको विकास अपरिहार्य छ । नागरिक समाज र पत्रकारिताको सक्रिय निगरानीले प्रशासनमा पारदर्शिता बढाउने काम गरेको छ । अन्ततः यी सबै उपाय संयोजन गरेर लागू गरेमा नेपालमा निजामती सेवा सरकार नागरिकबीचको प्रभावकारी पुल बन्न सक्नेछ र सेवा प्रवाहलाई दक्ष, जवाफदेही र पारदर्शी बनाउन सकिनेछ ।

अन्त्यमा, नेपालमा निजामती सेवा सरकार र नागरिकबीचको मुख्य सेतु भए पनि यसको प्रभावकारिता सीमित देखिन्छ । प्रक्रियामुखी प्रशासन, निर्णय प्रक्रियाको जटिलता, समन्वयको कमी, गोप्यतामुखी संस्कृति, केन्द्रमुखी संरचना, कर्मचारी अनुशासन र तटस्थताको अभावले सेवा गुणस्तरमा बाधा पुऱ्याएको छ ।

साथै, प्रविधिको प्रयोगमा कमजोरी, राजनीतिक हस्तक्षेप, मानव स्रोत विकासमा कमी, भ्रष्टाचार, असमानता र प्रोत्साहन प्रणालीको अभावले सेवा प्रवाह अझ कमजोर भएको छ । सुधारका उपायमा परिणाममुखी प्रशासन, समन्वय सुधार, डिजिटल सेवा, अनुशासन, प्रशिक्षण, प्रोत्साहन प्रणाली र सशक्त नागरिक समाज निर्माण आवश्यक देखिन्छ । यी उपाय अवलम्बन गर्दा निजामती सेवा दक्ष, जवाफदेही र पारदर्शी बनी नागरिक सन्तुष्टि प्राप्त गर्न सकिनेछ । (लेखक नेपाल सरकारका उपसचिव हुनुहुन्छ)

# चुनौतीका बीच निजामती सेवा दिवस



रविन्द्रप्रसाद पौड्याल

तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्य नेतृत्वको सरकारले २०१३ भदौ २२ गते निजामती सेवा ऐन जारी गरेको मितिलाई आधार लिँदा नेपालमा निजामती सेवा गठन भएको ६० वर्ष पूरा भएको छ । राज्यको मेरुदण्ड मानिने निजामती कर्मचारीलाई राष्ट्रसेवाप्रति समर्पित बनाउने, उनीहरूको सेवा र योगदानको सम्मान गर्ने, उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गर्ने, प्रशासनिक सुधार तथा सुशासन प्रवर्द्धन गर्नेजस्ता पवित्र उद्देश्यका साथ २०६२ भदौ २२ गतेदेखि निजामती सेवा ऐन जारी भएको मितिलाई अवसरका रुपमा मनाउने गरी निजामती सेवा दिवस औपचारिक रूपमा मनाउन थालिएको हो । निजामती सेवा ऐन जारी भएदेखि नै ऐनले नेपालमा आधुनिक प्रशासनिक संरचनाको मार्गदर्शक कानुनका रुपमा सरकारी सेवालाई व्यवस्थित, निष्पक्ष र प्रभावकारी बनाउने लक्ष्य राखेको छ । तर आजको निजामती सेवाको वस्तुस्थिति, कार्यप्रणाली, आमनागरिकको यस सेवाप्रतिको धारणालाई हेर्दा हरेक वर्ष मनाइने निजामती सेवा दिवसप्रति प्रश्न उठ्छः चुनौतीको बीचमा किन यो दिवस मनाइन्छ ?

मूलतः नेपालको निजामती सेवा भ्रष्टाचार, राजनीतिक हस्तक्षेप, अक्षमता र जनताको असन्तुष्टिजस्ता थुप्रै चुनौतीबाट गुज्रिरहेको छ । तैपनि, यो दिवसलाई निरन्तरता दिनुको पछाडि गहिरो अर्थ छ - यो केबल उत्सव होइन, बरु प्रेरणा, सुधार र राष्ट्रसेवाको प्रतिबद्धताको प्रतीक हो । यो दिवसको औचित्यको पुष्टि गर्न नेपालको निजामती सेवाको ऐतिहासिक पृष्ठभूमि, वर्तमान चुनौतीहरू, दिवसको महत्व र भविष्यका सम्भावनासमेत हेर्नुपर्ने हुन्छ ।

**निजामती सेवा र दिवसको ऐतिहासिक पृष्ठभूमि**

नेपालमा निजामती सेवाको सुरुआत राणाकालीन समयबाट नै भएको थियो, तर यो अनौपचारिक र परिवार केन्द्रित थियो । विसं २००७ को प्रजातन्त्र प्राप्तिपछि प्रशासनिक सुधारको आवश्यकता महसुस भयो । विसं २०१३ को निजामती सेवा ऐनले यसलाई औपचारिकता दियो, जसमा कर्मचारी नियुक्ति, पदोन्नति, अनुशासन र सेवासुविधाजस्ता विषयहरू समेटिएका थिए । यो ऐनले योग्यता-आधारित नियुक्तिलाई प्राथमिकता दियो, जसले प्रशासनलाई राजनीतिबाट अलग राख्ने प्रयास गरेको थियो ।

विसं २०६२ देखि निजामती सेवा दिवसलाई औपचारिक रूपमा मनाउन थालियो, जसमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने परम्परा सुरु भयो । निजामती सेवाको चरित्र दर्शाउने गरी पाँच वर्षका लागि २०७८ सालमा तय भएको 'व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' नाराले सेवाको दिशालाई स्पष्ट पारेको छ । इतिहास हेर्दा निजामती सेवा सधैँ चुनौतीपूर्ण नै रहेको छ । पञ्चायतकालमा राजनीतिक नियन्त्रण, प्रजातन्त्रपछि अस्थिरता र सङ्घीयतापछि नयाँ संरचनाका समस्या, यी सबैले सेवालाई प्रभावित पारेका छन् । तैपनि, यो दिवसले कर्मचारीहरुलाई इतिहासको सम्झना गर्ने र वर्तमानलाई सुधार्ने अवसर प्रदान गर्ने मञ्च उपलब्ध गराएको छ ।

**वर्तमान चुनौतीहरूप्रति विहंगम दृष्टि**

नेपालको निजामती सेवा थुप्रै चुनौतीबाट गुज्रिरहेको छ, जसले यसको प्रभावकारितालाई घटाएको छ । पहिलो र प्रमुख चुनौती हो भ्रष्टाचार । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार निजामती कर्मचारीविरुद्धका उजुरीहरूमा ६० प्रतिशतभन्दा बढी भ्रष्टाचारसँग सम्बन्धित छन् । स्थानीय तहको वडासम्म भ्रष्टाचार संस्थागत हुँदै गएको नागरिकको बुझाई निजामती सेवाका लागि ठूलो चुनौती हो । विकास आयोजनामा करोडौँ रुपैयाँको हिनामिना हुने गरेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्ने गरेको उदाहरण र यस्ता समाचार तथा अदालतबाट ठहर भएका भ्रष्टाचारका उदाहरणहरु भ्रष्टाचारका रुपि चुनौतीलाई थप बल दिन र निजामती सेवाप्रति जनताको विश्वासलाई क्षयीकरण गर्नसक्ने प्रमुख कारणसमेत बनेको छ ।

दोस्रो, राजनीतिक हस्तक्षेप । नेपालमा राजनीतिक परिवर्तनसँगै कर्मचारीको सरुवा र निजामती सेवाको सर्वोच्च पदमा पदोन्नति राजनीतिक आधारमा हुने आम बुझाई रहेको छ । लोक सेवा आयोगको स्वायत्तता भए पनि उच्च पदहरूमा हुने सरुवा तथा पदस्थापनामा राजनीति हाबी हुने चलन प्रचलित भइसकेको छ । यसले योग्य कर्मचारीहरूलाई हतोत्साहित गर्छ र सेवालाई अक्षम बनाउँछ । त्यसैगरी सङ्घीय संरचनामा प्रदेश र स्थानीय तहमा राजनैतिक आस्थाका आधारमा भर्ना भएको कर्मचारीको दबाब, योग्य कर्मचारीको अभाव र तहगत समन्वयको कमीले थप समस्या निम्त्याएको छ ।

तेस्रो, प्रविधि र क्षमताको अभाव । डिजिटलयुगमा पनि नेपालको प्रशासन कागजी प्रक्रियामा अड्किएको छ । ई-गभर्नेन्सको प्रयास भए पनि, कर्मचारीहरूमा डिजिटल साक्षरताको




कमी छ । कोभिड-१९ महामारीले यो कमजोरीलाई उजागर गरेको थियो । यसबाहेक प्रशिक्षण र क्षमता विकासका कार्यक्रम अपर्याप्त छन्, जसले कर्मचारीलाई आधुनिक चुनौती सामना गर्न असमर्थ बनाउँछ । चौथो चुनौती भनेको जनतासँगको दूरी हो । निजामती सेवा जनमुखी हुनुपर्नेमा यो अझै पनि ब्युरोक्रेटिक र जटिल छ । सेवा प्राप्त गर्न जनताले थुप्रै झन्झट बेहोर्नुपर्छ, जसले असन्तुष्टि बढाउँछ । महिला, दलित र पिछडिएका वर्गहरूको प्रतिनिधित्व पनि अपेक्षित हुन सकेको छैन, जसले यस सेवालाई समावेशी बनाउन सकेको छैन ।

उल्लिखित चुनौती प्रतिनिधि चुनौती हुन् । गन्दै जाने हो भने चुनौतीको स¥ंया औँलामा अटाउने भन्दा बढी होलान । उसो भए यी चुनौतीका बीचमा निजामती सेवा दिवस मनाउनु किन त ? यो प्रश्न स्वाभाविक होला । यसको जवाफ प्राप्त गर्नुअघि के बुझ्नुपर्छ भने कुनै पनि सङ्गठन होस् वा राष्ट्र, त्यसको सञ्चालनमा खटिएका कर्मचारीको प्रतिरुपको रुपमा सङ्गठन वा राष्ट्र हुन्छ । अतः निजामती सेवा दिवस निजामती सेवाका चुनौतीलाई नजरअन्दाज गर्न होइन, बरु तिनलाई सामना गर्ने र चुनौती निर्मूल गरी अपेक्षित नतिजा दिन प्रेरणा दिने दिनका रुपमा मनाउनका लागि आयोजना गरिनुपर्छ । यो दिवसले उत्सवको रुपमा कर्मचारीलाई आफ्नो दायित्व सम्झाउने र सुधारका लागि मार्गप्रशस्त गर्ने अवसर दिनसक्छ ।

**चुनौतीका बीच दिवसको महत्व**

चुनौती हुँदाहुँदै पनि निजामती सेवा दिवस मनाउनुका थुप्रै कारण होलान् । यो दिवसले मूलतः कर्मचारीलाई उत्प्रेरित गर्छ । पुरस्कार वितरण जस्ता कार्यक्रमहरूले उत्कृष्टताको सम्मान गर्छन् । उत्कृष्ट निजामती सेवा पुरस्कार (एक लाख रुपैयाँसहित १० जनालाई) र सर्वोत्कृष्ट पुरस्कार (दुई लाख रुपैयाँ)जस्ता मौद्रिक प्रोत्साहनले कर्मचारीलाई मेहनत गर्न उत्साहित गर्छ । यो प्रेरणाले चुनौतीसँग लड्ने शक्तिसमेत दिन्छ । यसका अलावा यो दिवसले सुधारको अवसर पहिल्याउने मञ्च प्रदान गर्छ । सिंहदरबारमा आयोजित मुख्य कार्यक्रममा उच्च अधिकारीले चुनौतीबारे छलफल गर्छन्, जसले नीतिगत सुधारलाई प्रोत्साहन दिन्छ । जस्तैः भ्रष्टाचार नियन्त्रणका लागि नयाँ कानुन वा डिजिटल प्रशासनको विस्तार । दिवसका अवसरमा तय गरिएको नाराले कर्मचारीलाई व्यावसायिक, सुशासनप्रिय, जिम्मेवार र उत्तरदायी हुन आत्मबल दिन्छ, जसले अन्ततः चुनौतीलाई सम्बोधन गर्न सहयोग गर्छ ।

निजामती सेवा दिवसलाई समग्र राष्ट्रसेवकहरुको एकताको प्रतीकका रुपमा समेत हेर्न सकिन्छ । सरकारी सेवा राज्यको मेरुदण्ड हो, जसले विकास, सेवा वितरण र कानुन कार्यान्वयन गर्छ । यो दिवसले कर्मचारीलाई राष्ट्रसेवाप्रति समर्पित बनाउँछ । चुनौतीहरूका बीचमा पनि यो उत्सवले सकारात्मक सन्देश दिन्छ- हामी सुधारतर्फ अघि बढिरहेका छौँ । उदाहरणस्वरूप, रक्तदान र वृक्षरोपणजस्ता गतिविधिले सामाजिक जिम्मेवारीलाई बढावा दिन्छ ।

सरकारी संयन्त्रले नागरिकको मन जित्नका लागि जनतासँगको सम्बन्ध सुधार आजको अपरिहार्य तत्व भएको छ । यो दिवसका आवसरमा आयोजना हुने कविता प्रतियोगिता, छलफल, अन्तर्क्रिया, अन्तरसम्वादहरूले जनतालाई प्रशासनबारे जागरूक बनाउँछ । यसले पारदर्शितालाई बढाउँछ र चुनौतीहरू समाधानमा जनसहभागिता सुनिश्चित गर्छ । अन्तरराष्ट्रिय सन्दर्भलाई हर्ने हो भने भारतको 'सिभिल सेवा दिवस' वा संयुक्त राष्ट्रसङ्घको 'पब्लिक सर्भिस डे'जस्ता उदाहरणले पनि दिवसका माध्यमबाट चुनौतीका बीचमा प्रगतिको बाटो पहिचान हुने मान्न सकिन्छ । मूलतः निजामती सेवामा विद्यमान चुनौतीहरू नै निजामती सेवा दिवस मनाउनुपर्ने कारण हुन् किनकी यो दिवसले चुनौतीलाई सामना गर्ने र त्यसलाई हटाउने ऊर्जा दिन्छ ।

**चुनौतीहरू सम्बोधनका लागि सुझावहरू**

निजामती सेवाका चुनौतीलाई सामना गरी नागरिकको अपेक्षा अनुकूलको सेवा प्रदायकका रुपमा पुष्टि गर्नुपर्ने जिम्मेवारी निजामती सेवाको रहेको छ । विद्यमान अवस्था, व्यवस्था, प्रणाली र प्रविधि सुधार नगरी सेवाको सुधारको अपेक्षा गर्न सकिन्न त्यसैले हरेक वर्ष औपचारिकताका लागि मात्र नभई निजामती सेवा दिवसलाई अवसरका रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । दिवसका अवसरमा राजनीतिक र प्रशासनिक नतृत्वले एकबद्ध भई मुलुकको मार्गदर्शक कानुनका रुपमा निजामती सेवासम्बन्धी कानुनमा सेवा प्रवाह, आचरण/अनुशासन, योग्यता प्रणालीको संरक्षण, समतामूलक सेवाको प्रवर्द्धन, राजनीतिक तटस्थता, प्रतिबद्ध कर्मचारी संयन्त्र, प्रविधिमैत्री संरचनालगायतका विषयलाई कार्यान्वयनयोग्य व्यवस्था गर्ने आवाजलाई दृढ तबरमा उठाउनु जरुरी छ ।

यसबाहेक, नागरिकले प्रश्न उठाउने भ्रष्टाचारजन्य गतिविधिको प्रणालीगत संरचना भत्काउन कानुनी एकरुपता, नगदको डिजिटल ट्र्याकिङ प्रणाली, 'इ-प्रोक्योरमेन्ट' र अनलाइन सेवा विस्तारजस्ता उपाय अवलम्बन गर्नु जरुरी हुन्छ । लोक सेवा आयोगलाई थप अधिकारसम्पन्न बनाई अन्तरराष्ट्रिय अभ्यासमा आधारित कर्मचारी छनोट र नियुक्ति प्रणाली अवलम्बन गरिनुपर्छ । स्वचालित पदोन्नति र सरुवा प्रणालीले योग्यतामा आधारित प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने हुन्छ । कर्मचारीको क्षमता विकासका लागि नियमित प्रशिक्षण र प्रविधि शिक्षा आवश्यक छ । सङ्घीयतामा कर्मचारी वितरणलाई सन्तुलित बनाउनु पनि जरुरी छ । जनमुखी सेवा सुनिश्चित गर्न क्षतिपूर्तिसहितको नागरिक बडापत्र र सुझाव प्रणाली लागू गर्न सकिन्छ । महिला र अल्पस¥यकको प्रतिनिधित्व बढाउन संविधानप्रदत्त समावेशीता सिद्धान्तको पूर्ण परिपालनासमेत अनिवार्य छ ।

# जेन जी पुस्ताको दोस्रो दिनको आन्दोलनमा जनकपुरधाममा ठाउ ठाउमा भएको प्रदर्शनको क्रममा देखिएको दृश्य :

तस्बिर : प्रमोद























पाकिस्तानमा बाढी :

# मध्य पञ्जाबबाट १ लाख २० हजारभन्दा बढीलाई सुरक्षित स्थानमा सारियो



एपी

जलालपुर पिरवाला ।सेनाद्वारा समर्थित उद्धारकर्ताहरूले मध्य पाकिस्तानी सहरबाट रातारात करिब एक लाख मानिसलाई बाहिर निकालेका छन् । बाढीको पानीले घर डुबाएर खेतीयोग्य जमिन बगाएपछि धेरैलाई पाल र खुला क्षेत्रमा भीषण गर्मी सहन बाध्य भएको बताइएको छ ।

पञ्जाब विपद् व्यवस्थापन समितिका महानिर्देशक इरफान अली काठियाका अनुसार विगत २४ घण्टामा जलालपुर पिरवालाबाट मात्रै एक लाख २२ हजारभन्दा बढी विस्थापित भएका छन् । केही आफन्तसँग आश्रय लिएका छन् भने अरू राहत शिविरमा बसिरहेका छन् ।

तर बाढीग्रस्त जिल्लाहरूका अधिकांश पीडितले सहयोग ढिलो वा न्यून मात्रामा आएको गुनासो गरेका छन् । सरकारले भने उद्धार र राहत कार्य सँगसँगै चलिरहेको र दैनिक आवश्यक सामग्री पठाइनेमा जोड दिएको छ ।

हप्तौँदेखि जारी भारी वर्षा, आरी घोप्टे वर्षा र भारतको बाँधबाट छोडिएको पानीका कारण गत महिनादेखि पञ्जाबमा मात्रै २२ लाख मानिस विस्थापित भएको अधिकारीहरूले बताएका छन् । बाढीका कारण कम्तीमा ६१ जनाको मृत्यु भएको छ ।

मुल्तान अझै बाढीको जोखिममा रहेको र नदीको सतह बढिरहेको काठियाले बताउनुभयो । सहरहरूलाई सुरक्षित राख्न ग्रामीण क्षेत्रमा नियन्त्रित रूपमा तटबन्ध फुटाइने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।“समयमै निकासी गरेर धेरैको ज्यान बचाउन सफल भयौँ, तर कतिपयले पानी गाउँमा नपुगुन्जेल जान अस्वीकार गरे”, उहाँले भन्नुभयो । बाँकीलाई पत्ता लगाउन थर्मल इमेजिङ ड्रोन प्रयोग गरिएको बताइएको छ ।

४५ वर्षीया जारिनी बीबी आफ्ना बच्चाहरूसहित डुङ्गामा गाउँ छाडेर भाग्न बाध्य हुनुभयो । “मैले यस बाढीमा प्रलय देखेँ”, उहाँले भन्नुभयो, “मेरो सपना र मेरो घर अब पानीमुनि छ । हामीसँग केही बाँकी छैन ।” अहिले उहाँ राहत शिविरमा थोरै खाना र भीषण गर्मीसँग सङ्घर्ष गरिरहनुभएको छ ।

अर्का विस्थापित तारिक उल्लाहले आफन्तले आश्रय दिन अस्वीकार गरेपछि सडक किनारको पालमा बस्नुपरेको बताउनुभयो । “भगवान्लाई धन्यवाद, हाम्रो जीवन बच्यो । घर फेरि बनाउन सकिन्छ तर जीवन एकपटक मात्र पाइन्छ”, उहाँले भन्नुभयो ।

अगस्ट २३ यता पञ्जाबका २६ जिल्लाका तीन हजार नौ सय गाउँ डुबानमा परेको बताइएको छ । यसैबीच, भारतले खतराको निशानामाथि पुगेको नदीको तथ्याङ्क पाकिस्तानसँग साझा गरेको छ, जसले सीमावर्ती क्षेत्रमा थप बाढीको जोखिम बढाएको छ ।

जुनको अन्त्यदेखि पाकिस्तानी मनसुनी बाढीले नौ सयभन्दा बढीको ज्यान लिएको छ । हाल करिब ८० हजार मानिस पञ्जाबभर राहत शिविरमा छन् भने दक्षिणी सिन्ध प्रान्तमा पनि एक लाखभन्दा बढीलाई निकासी गरिएको छ । सन् २०२२ को विनाशकारी बाढीमा सिन्ध सबैभन्दा प्रभावित बनेको थियो । उक्त बाढीमा एक हजार सात सय ३९ जनाको मृत्यु भएको थियो ।

# तेहरानमा ‘धारा बन्द’: १ करोड मानिस बस्ने इरानी राजधानीमा पानीको हाहाकार कसरी निम्तियो

बीबीसी

काठमाण्डु । “पानीको आपूर्ति काटिनु अनि पानीको चाप एकदमै घट्नुको अर्थ अपार्टमन्ट भवनहरूमा या त पानी छिट्टै सकिन्छ या त पानी छैन भन्ने हो,“ तेहरानका एक बासिन्दाले बीबीसी न्यूज पर्सिअनसँग भने।

“बत्ती जाँदा इन्टरनेट जान्छ र लिफ्टहरूले पनि काम गर्न छोड्छन्...।““खास गरी चर्को वायु प्रदूषण हुने गर्मीयाममा झेल्नै गाह्रो हुने अवस्था सिर्जना हुन्छ। त्यसमाथि यदि घरमा बालबच्चा वा बूढाबूढी छन् भने अवस्था झन् दयनीय हुन्छ। किनकि कहिलेकाहीँ उनीहरूले यो समस्या घण्टौँसम्म झेल्नुपर्छ,“ एक महिलाले भनिन्।


इरानमा पानीको अभाव र बारम्बार विद्युत् आपूर्ति अवरुद्ध हुने समस्याले मानिसहरूको निराशा अझै बढाइदिएको छ। राजधानीका अग्ला आवासीय भवनहरूदेखि खुजेस्तान र सिस्तान-बलुचिस्तानका गाउँहरूसम्म सहन गाह्रो हुने गरी जनजीवन प्रभावित भइरहेको छ।लगातार पाँच वर्षको सुक्खा र उच्चबिन्दुमा पुगेको पुगेको गर्मीपछि महानगरका धाराहरू सुक्ने अवस्थातर्फ जाँदै छन्।

जलाशयमा पानीको सतह अहिलेसम्मकै न्यून बिन्दुमा पुग्ने गरी घट्दै छ। बिजुली नियमित रूपमा जान्छ र मानिसहरूको धैर्यको बाँध भत्किन थालेको छ। पानीको प्रयोग उल्लेख्य रूपमा नघटाइएमा केही साताभित्र कतिपय क्षेत्रले ’डे जीरो’ अर्थात् घरका धारा पालैपालो बन्द गर्ने अनि स्ट्यान्डपाइप अथवा ट्याङ्करमार्फत् पानी वितरण हुने अवस्थाको सामना गर्नुपर्ने हुन सक्ने अधिकारीहरूले चेतावनी दिएका छन्।उनीहरूले यो वर्षको सुरुतिर त्यस्तो चेतावनी जारी गरेका थिए र र नियमित रूपमा दोहोर्‍याउँदै आएका छन्।यो चेतावनी प्रचण्ड गर्मी र इरानको पुरानो विद्युतीय ग्रिडमाथि बढ्दो दबावका कारण आएको हो।

“यो पानीको सङ्कट मात्रै होइन, ’वाटर ब्याङ्क्रप्सी’ नै हो - त्यो प्रणाली जसबाट यति धेरै मात्रामा पानी दोहन गरिएको छ कि क्षतिलाई अब पूर्ण रूपमा परिपूर्ति गर्न सकिँदैन,“ यूनाइटेड नेशन्स यूनिभर्सिटी इन्स्टिच्यूट फर वाटर, इन्भाइरन्मन्ट एन्ड हेल्थका निर्देशक कावेह मदनीले बीबीसी न्यूज पर्सिअनसँग भने।

पानीको अभाव हुँदा, भूक्षरण हुँदा, जलवायु परिवर्तन हुँदा र सरकारको कदम पर्याप्त नहुँदा परिणाम कस्तो हुन्छ भन्ने कुरा इरानको अवस्थाले दर्शाएको यूएन कन्भेन्शन टू कम्ब्याट डिजर्टीफिकेशन (यूएनसीसीडी) का इ्यान्यनल त्सेगाई बताउँछन्।

अरू देशका निम्ति त्यसले कडा चेतावनी दिएको उनको भनाइ छ। व्यवहारमा ’डे जीरो’अन्तर्गत अस्पताल




तथा अरू अत्यावश्यक सेवाहरूलाई प्राथमिकतामा राखिने छ भने घरहरूमा पालैपालो पानी आपूर्ति गरिने छ।अधिकारीहरूले पालैपालो पानी उपलब्ध गराउन सक्छन्।धनीमानीहरूले छतमा ट्याङ्की राख्न सक्छन् भने गरिबहरूले सङ्घर्ष गर्नुपर्ने हुन्छ।“मानिसहरूमा निकै सहनशीलता हुन्छ र उनीहरूले छिटै अनुकूलन गर्ने छन्,“ इरानको वातावरण महाशाखाका पूर्वप्रमुख तथा प्राध्यापक कावेह मदनीले भने।

“मेरो ठूलो चिन्ता भनेको... यदि आउँदो वर्ष पनि सुक्खा भयो भने अर्को वर्षको गर्मी झन् भयावह हुने छ।“ बीबीसीले पानी अभावसँग जुझ्ने देशको योजनाबारे इरानको विदेश मन्त्रालय, लन्डनस्थित इरानी राजदूतावास र महावाणिज्य दूतावासलाई सोधेको छ।तर उनीहरूले इमेलको र दूतावासलाई पठाइएको पत्रको उत्तर दिएका छैनन्। राजधानी तेहरान इरानको सबैभन्दा ठूलो सहर हो। त्यहाँ झन्डै एक करोड मानिसको बसोबास छ।पानीका लागि तेहरान पाँचवटा जलाशयमा भर पर्छ।

तीमध्येको लार बाँध एकदमै सुकेको छ। उक्त जलाशय सामान्य क्षमताको एक प्रतिशतमा मात्र सञ्चालन भइरहेको त्यसको व्यवस्थापन गर्ने कम्पनीले जनाएको छ।

राष्ट्रपति मसूद पेजेश्किआनले मानिसहरूलाई कम्तीमा २० प्रतिशतले पानीको खपत घटाउन आग्रह गरेका छन्। गत वर्षको तुलनामा जुलाई महिनामा १३ प्रतिशतले माग घटेको आधिकारिक तथ्याङ्कले देखाउँछ।तर अधिकारीहरूका अनुसार थप १२ प्रतिशतले माग घट्न जरुरी छ जसले गर्दा सेप्टेम्बर र अक्टोबरसम्म आपूर्तिलाई जारी राख्न सकिन्छ। गत वर्षयता लामो समयदेखिको औसतभन्दा ४०-४५ प्रतिशतले कम पानी परेको आधिकारिक तथ्याङ्कले देखाउँछ।

केही प्रान्तहरूमा ७० प्रतिशतभन्दा बढीले कम वर्षा भएको पाइएको छ। तर जलवायु परिवर्तन कथाको एउटा मात्र पाटो हो।“यो जलसङ्कट मात्र होइन,“ मदनी तर्क गर्छन्, “यो त ’वाटर ब्याङ्क्रप्सी’ (पानीमा टाट पल्टिनु) पनि हो- त्यस्तो अवस्था जहाँ क्षति पूर्णतः मेटेर पुरानो अवस्थामा फर्काउन सकिँदैन र न्यूनीकरणको कदम पर्याप्त हुँदैन।“दशकौँदेखि इरानले प्रकृतिले उपलब्ध गराउनेभन्दा बढी पानी प्रयोग गरेको छ - सुरुमा नदी तथा जलाशयहरूको पानी झिकेर र पछि भूमिगत पानीको दोहन गरेर।

“यो समस्या खडेरीका कारणले मात्र निम्तिएको होइन,“ मदनी भन्छन्। “जलवायु परिवर्तनले स्थिति खराब बनाउनुभन्दा धेरै पहिला कुशासन र अत्यधिक प्रयोगले सङ्कट निम्त्याइसकेको थियो।“ तेहरानमा प्रशोधितमध्ये २२ प्रतिशतसम्म पानी पुराना पाइपहरूबाट चुहावट हुने गरेको छ।यद्यपि पानी आपूर्ति प्रणालीमा विश्वभरि यस्तै समस्या देखिने गरेको छ। वाटर न्यूज युरोपका अनुसार युरोपेली सङ्घमा २५ प्रतिशत पानी चुहावट भएर खेर जाने गरेको हुन्छ।

मक्किन्सी एन्ड कम्पनीका अनुसार अमेरिकामा प्रशोधित पानीमध्ये १४ देखि १८ प्रतिशतसम्म चुहावट हुने गरेको छ भने पानी वितरण गर्ने कतिपय संस्थानहरूका अनुसार ६० प्रतिशत पानी चुहावट भएर ढलमा मिसिन्छ।इरानको भूमिगत पानी सन् १९७० को दशकयता अत्यधिक रूपमा प्रयोग भएको छ। कतिपय अनुमानका अनुसार ७० प्रतिशतभन्दा बढी भण्डारण सकिएको छ।कतिपय जिल्लाहरूमा जमिन हरेक वर्ष २५ प्रतिशतले भासिँदै छ। त्यसले पानीको ह्रासलाई अझ तीव्र पार्छ। पानीको अभावले ऊर्जाको समस्या निम्त्याएको छ।

जलाशयहरू सुक्दा जलविद्युत् आयोजना धराशायी बनेका छन् र एअर कन्डिशनिङ तथा पानी तान्न बिजुलीको प्रयोग बढ्दा ग्यासले चल्ने प्लान्टहरूले माग धान्न धौधौ भइरहेको छ।जुलाईमा समाचार संस्था इर्नाले रिपोर्ट गरेअनुसार बिजुलीको माग ६९,००० मेगावाटसम्म पुगेको थियो। बिनाअवरोध आपूर्ति गर्न झन्डै ६२,००० मेगावाट बिजुली भयो भने पर्याप्त हुन्छ।दैनिक दुईदेखि चार घण्टासम्म लोडशेडिङ हुनु सामान्य हो।

समाचारहरू तथा राजनीतिज्ञहरूका अनुसार बिजुली अभावले सबैभन्दा धेरै विपन्न मानिसहरूलाई मार परेको छ जसले जेनरेटरहरू किन्न सक्दैनन्। इरानका ऊर्जामन्त्री अब्बास अलीअब्बादीले भनेः “पिउने पानी उपलब्ध गराउनु प्राथमिकता हो र सबैलाई उपलब्ध गराउनैपर्छ। “पानी जोगाउने प्रयासबारे उल्लेख गर्दै उनले भने, “यो वर्ष अवलम्बन गरिएका उपायका कारण हामीले पहिला ल्याउने गरेकोभन्दा तीन गुनाले बढी पानी जोगाउन सकिरहेका छौँ।“

धैरै ऊर्जा चाहिने क्रिप्टोकरेन्सी माइनिङका लागि अनुमति दिएकोमा सरकारको आलोचना हुने गरेको छ।कतिपय क्रिप्टो सञ्चालकहरूको राजनीतिज्ञहरूसँग सम्बन्ध रहेको आरोप छ।जबाफमा अधिकारीहरूले अवैध साइटहरूलाई कारबाही भइरहेको र सर्वसाधारण मानिसका घरपरिवारलाई पानी उपलब्ध गराउने कुरालाई प्राथमिकता दिइएको बताएका छन्। धैरै अभाव देखिएका खुजेस्तान र सिस्तान-बलुचेस्तानसहित विभिन्न प्रान्तहरूमा विरोधप्रदर्शन हुन थालेको छ।

प्रदर्शनकारीहरूले “पानी र बिजुलीमा पहुँच र जीवन“ आधारभूत अधिकार हो भन्दै नाराबाजी गरेका छन्।इनार र नहरहरू सुक्दै गर्दा वातावरणीय प्रभावका कारण बसाइँसराइ बढ्दो छ।धैरै परिवारहरू जागिर, सेवा तथा राम्रा पूर्वाधारको खोजीमा तेहरान सरेका छन्।विस्थापित मानिसहरू तेहरानमा बढिरहँदा त्यसले बढ्दो अस्थिरताको आगोमा घ्यू थप्ने विश्लेषकहरूको चेतावनी छ।

यो सङ्कट भूराजनीतिमा समेत फैलिएको छ। इजरेलसँग सन् २०२५ को जुन महिनामा भएको द्वन्द्वपछि इजरेली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले नुनिलो पानीलाई प्रशोधन गर्ने र पुनर्प्रयोगसम्बन्धी आफ्नो देशका प्रविधिहरूबारे प्रकाश पारेका छन्।इरानी जनताप्रति लक्षित सन्देशमा उनले “इरान स्वतन्त्र भएपछि“ ती प्रविधिहरूको फाइदा उनीहरूले लिन सक्ने बताए।

गाजामा जारी मानवीय सङ्कटलाई देखाउँदै इरानी राष्ट्रपति पेजेश्किआनले नेतन्याहूको भनाइलाई राजनीतिक नाटकको सङ्ज्ञा दिएका छन्। इ्यान्यल त्सेगाईका अनुसार जलवायु परिवर्तन अनि जल र जमिनको अत्यधिक प्रयोगका कारण संसार मानवसिर्जित सुक्खाको युगमा प्रवेश गर्दै छ। अभाव, भूक्षरण (जमिनले लाभ दिने क्षमता घट्नु) र कमजोर शासन व्यवस्थाको संयुक्त प्रतिफल कस्तो हुन्छ भन्ने उदाहरण इरान भएको उनको धारणा छ।संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वभरि सन् २००० यता सुक्खा २९ प्रतिशतले बढेको छ। यो प्रवृत्ति जारी रह्यो भने सन् २०५० सम्म चार मानिसमध्ये तीन जना सुक्खाबाट प्रभावित हुन सक्ने छन्।

दक्षिण अफ्रिकाको केप टाउनमा सन् २०१५ देखि २०१८ सम्म सुक्खा पर्दा उक्त सहरले प्रतिव्यक्ति उपयोग गर्न पाउने पानीको मात्रा र शुल्क निर्धारण गरिदियो। उक्त कदमलाई दूरदर्शी प्रतिक्रियाको मोडलका रूपमा प्रायः प्रस्तुत गरिन्छ।“हामीले प्राविधिक समाधान थाहा छ - हामीले गर्नुपर्ने कुरा ज्ञानलाई नीतिमा ढाल्नु र नीतिलाई अभ्यासमा लैजानु हो,“ त्सेगाईले भने।

“प्रश्न सुक्खा आइपर्छ कि पर्दैन भन्ने हैन, बरु कहिले आइपर्छ भन्ने हो।“ विज्ञहरू समाधानका लागि उपायहरू भएको तर त्यसका लागि तत्काल जल, ऊर्जा र भूमिसम्बन्धी नीतिमा संयोजित कार्य गर्न आवश्यक भएको औँल्याउँछन्।पानीको पुनर्प्रयोग, ड्रिप इरिगेशन (थोपा सिँचाइ) र आपूर्तिमा सुधार गर्दै इरानले सात वर्षको अवधिमा देशभरि जल उपयोगको मात्रा प्रतिवर्ष ४५ अर्ब क्यूबिक मिटरले घटाउने उद्घोष गरेको छ।यति महत्त्वाकाङ्क्षी लक्ष्य अन्तर्राष्ट्रिय आर्थिक प्रतिबन्धहरू, कर्मचारीतन्त्र र न्यून लगानीका कारण ढिलो प्राप्त हुने अवस्था छ।

“अन्ततः इरानले आफू पानीमा टाट पल्टिएको अवस्थामा पुगेको स्वीकार गर्नुपर्छ,“ पर्यावरणवादी कावेह मदानी भन्छन्। “सरकारले जति ढिलो विफलता हात परेको मान्छ र विकासको अर्को मोडललामा लगानी गर्नपट्टि लाग्छ, पतन हुनबाट जोगिने सम्भावना पनि उति नै कम हुन्छ।“

उनी कडा चेतावनी दिन्छन् - गर्मी याममा पनि तेहरानका धाराबाट पानी आउँछ कि आउँदैन भन्ने कुरा मौसमले निर्धारण गर्दैन, बरु सरकारी निकायहरूले कति चाँडो काम गर्न सक्छन् भन्ने कुराले फरक पार्छ।

# यी आश्चर्यजनक खानेकुरा जसले राम्रो निद्रा लगाउँछन्

बीबीसी

काठमाण्डु । हामीमध्ये कैयौँलाई थाहा छ पेट भरिने गरी खाना खाएर सुत्न जाँदा त्यसले हाम्रो निद्रालाई असर पार्न सक्छ। हामीले के खान्छौँ र कतिबेला खान्छौँ भन्ने व्यवहारले राम्रोसँग निद्रा पार्न सहयोग पुर्‍याउन सक्छ। हामी धेरै खानेकुरा खाएर सुतेको भोलिपल्ट थकित भएको अनुभव गर्दै उठेका हुन्छौँ।

ठूलो मात्रामा गरिष्ठ भोजन पचाउनका लागि आवश्यक अतिरिक्त ऊर्जाले हाम्रो निद्रालाई प्रभावित पार्न सक्छ।सुत्न जानु अगाडि राम्रो निद्रा लागोस् भन्ने अभिप्रायले हामी कुनै अन्य खाद्य पदार्थ खान सक्छौँ त? कैयौँ अध्ययनले हाम्रो खानाका आधारमा हाम्रो सुताइ राम्रो हुन सक्ने देखाएका छन्।साना परीक्षणहरूले अमिलो चेरीको जुसले वा सुत्नुभन्दा अगाडि किवि फल खाएमा फाइदा हुन्छ भन्ने देखाएका छन्।सुत्नु अघि तातो दूध पिउँदा पनि निद्रा राम्रो पर्ने अनुसन्धानले देखाएका छन्।दूधमा हुने ट्रिप्टोफ्यानको उच्च मात्राका कारण शरीरले “निद्रा लगाउने होर्मोन“ मेलाटोनिन उत्पादन गर्ने र त्यसैले दूध खाएपछि निद्रा लाग्ने ठानिएको छ।

मेलाटोनिनले हाम्रो सुत्ने र उठ्ने चक्र नियमन गर्छ। हाम्रो शरीरले दिन ढल्किँदै जाँदा र रात पर्न थाले पछि मेलाटोनिन बनाउन सुरु गर्छ।तर हामीले अण्डा, माछा, नट्सहरू र बिउभएका खानेकुराहरूबाट पनि प्रत्यक्ष मेलाटोनिन लिन सक्छौँ।अनेकौँ अध्ययनले मेलाटोनिन बढी भएका खानेकुरा खाँदा निद्रा राम्रो पर्ने र लामो समय सुत्न सहयोग गर्ने पत्ता लगाएका छन्।तर एक खालको खानेकुरा वा पेय पदार्थले मात्र हाम्रो निद्रा राम्रो बनाउने नभै हामीले खाने सम्पूर्ण आहार नै निद्रा कस्तो पर्छ भन्ने कुराको कारक हुनेबारे धेरै अनुसन्धानहरू भएका छन्।

“दिनभरि नराम्रो खानेकुरा खाने अनि सुत्नुभन्दा अगाडि चेरी जुस खाँदैमा राम्रो निद्रा लाग्छ भन्ने होइन“ न्यू योर्कस्थित कोलम्बिया युनिभर्सिटी इन्स्टिट्यूट अफ ह्युमन न्युट्रिशनमा न्युट्रिशनल मेडिसिनकी प्रोफेसर मरी पीएरे सेन्ट अङ्गले भनिन्।

उनी भन्छिन्, भोजनबाट पोषक तत्त्व निकालेर शरीरमा निद्रा बढाउने न्यूरोकेमिकल्स बनाउने कार्य केही घण्टाभित्र हुने होइन बरु हामी दिनभर के खान्छौँ त्यसले नै हाम्रो निद्राको गुणस्तर बढाउने हो। राजधानीका अग्ला आवासीय भवनहरूदेखि खुजेस्तान र सिस्तान-बलुचिस्तानका गाउँहरूसम्म सहन गाह्रो हुने गरी जनजीवन प्रभावित भइरहेको छ।

लगातार पाँच वर्षको सुक्खा र उच्चबिन्दुमा पुगेको पुगेको गर्मीपछि महानगरका धाराहरू सुक्ने अवस्थातर्फ जाँदै छन्। अनुसन्धानहरूले देखाए अनुसार सुताइका लागि वनस्पतिमा आधारित खाद्यान्न होलग्रेन, डेरी उत्पादन र माछा जस्ता प्रोटीनले सहयोग गर्छन् भन्छिन् मिशिगन विश्वविद्यालयमा न्युट्रिशनल साइन्सेज विभागकी असिस्टेन्ट प्रोफेसर एरिक ज्यान्सेन।

निद्रा र आहारा बीचको सम्बन्धबारे सन् २०२१ मा गरेको अध्ययनमा उनले हरेक दिन जसले धेरै फलफूल र तरकारी खान थाले तीन महिनामा त्यस्ता मानिसहरूको निन्द्रामा नाटकीय रूपमा सुधार आएको पाइन्। अध्ययनमा १,००० भन्दा बढी सहभागीलाई दैनिक रूपमा खाने फलफूल र तरकारीको मात्रा बढाउन भनिएको थियो।

खानेकुरा त्यसरी अलि धेरै खान लगाइनुको मुख्य कारण त्यस्तो प्रकारको आहारा र निद्राका बीचमा रहेको दुईतर्फी सम्बन्ध उजागर गर्नका लागि थियो। र अध्ययनले देखाएका छन् कि स्वस्थ आहार खाने मानिसलाई राम्रो निद्रा आउँछ। र उनीहरू राम्ररी आराम गर्नेहरू भएकाले उनीहरूले राम्रो आहारा रोजेको पनि हुन सक्छ। आफ्नो आहारामा तीन वा त्यसभन्दा बढी भाग फलफूल र तरकारी खाने महिलाहरूमा अनिद्राका लक्षण दुई गुणा भन्दा बढीले घटेको ज्यान्सेनले पाइन्।

फलफूल र तरकारीहरू, मासु, डेरी उत्पादन, नट्सहरू, बिउहरू, दलहन सबैमा ट्रिप्टोफ्यान भनिने अति आवश्यक एमिनो एसिड हुन्छन्।स्पेनमा सन् २०२४ मा गरिएको अध्ययनमा ११ हजार विद्यार्थीलाई उनीहरूको सुत्ने बानी र आहाराबारे प्रश्न गरिएको थियो।थोरै ट्रिप्टोफन भएका खानेकुरा खानेहरूको निद्रा नराम्रो भएको पाइयो। अनुसन्धानकर्ताको निष्कर्ष थियो ट्रिप्टोफन कम भएको खानेकुरा खानेहरूमा निद्रा थोरै पर्ने र अनिद्राको ठूलो खतरा रहेको पाइयो। र धेरै ट्रिप्टोफन भएका खानेकुरा खाएमा निद्राको गुणस्तर सुधार हुने उनीहरूको सुझाव थियो।

ज्यान्सेन भन्छिन् - ट्रिप्टोफनबाट सेराटोनिन र त्यो मेलाटोनिनमा परिवर्तित हुने भएकाले त्यो महत्त्वपूर्ण छ।उनी भन्छिन्, “यदि शरीरमा ट्रिप्टोफन छैन अथवा खाद्य स्रोतबाट प्रत्यक्ष मेलाटोनिन प्राप्त भएको छैन भने शरीरले उत्पादन गर्ने मेलाटोनिनको तह कम हुन जान्छ।“उनका अनुसार ट्रिप्टोफन बढी भएको खानेकुरा खाए मात्र हुने चाहिँ होइन। त्यसलाई होलग्रेन वा दलहन जस्ता हाइ फाइबर कार्बोहाइड्रेटसँग खानुपर्छ। त्यसो गरे मात्र यो राम्रोसँग पच्छ र मस्तिष्कमा पुग्छ त्यसले निद्रामा सुधार ल्याउन सक्छ।



वनस्पतिमा आधारित खानेकुराले शरीरको सुजन घटाउन मद्दत गर्ने भएकाले त्यस्ता खानेकुराले निद्रामा सुधार ल्याउन सक्छन्। र अनुसन्धानहरूका अनुसार शरीरमा सुजनको स्तर कम हुँदा निद्रा राम्रो पर्ने गर्छ।आफ्नो अनुसन्धानमा सेन्ट अङ्गले फाइबर धेरै भएका खाना खाँदा निद्रामा सुधार आउने गरेको पत्ता लगाइन्।किनभने फाइबरले हाम्रो पेटभित्र ’ब्याक्टेरिअल फरमेन्टेशन’ मा महत्त्वपूर्ण भूमिका खेल्छन्।

अध्ययनहरूले स्वस्थ पेट र मस्तिष्कबीच सम्बन्ध हुने पनि देखाएका छन् त्यसैले पेट स्वस्थ रहेमा निद्रामा पनि सुधार हुन सक्छ। वनस्पतिमा आधारित खानेकुरामा म्याग्नेसिअम अर्को पोषक तत्त्व हो। त्यसले पनि राम्रो निद्रा लाग्न सहयोग गर्न सक्छ। किनभने यसले तनावका कारण उत्पन्न हुने कोर्टिसोल घटाउन मद्दत गर्छ र स्नायु प्रणालीलाई शान्त बनाउन सक्छ।३० वर्ष माथिका वयस्कहरूलाई दिनमा ४२० एमजी म्याग्नेसिअम खान सुझाव दिइन्छ। यो पालुङ्गो, दलहन नट्स, सीड र होलग्रेन लगायतका धेरै खानेकुरामा पाइन्छ।

तर धेरै मानिसमा यो पोषक तत्त्वको कमी हुने गर्छ। विज्ञहरूका अनुसार पश्चिमा आहार वनस्पतिमा आधारित कम र अति प्रशोधित खाद्यान्न अधिक हुन्छ र सघन कृषि पद्धतिले माटोमा हुने म्याग्नेसिअमको मात्रा पनि घटाइदिन्छ।अमेरिकाको फ्लोरिडास्थित ज्याक्सनभिल विश्वविद्यालयमा व्यायाम विज्ञानकी प्रोफेसर हेदर हाउसेनब्लासले सन् २०२४मा गरेको अध्ययनमा खराब निद्रा भएका व्यक्तिमा म्याग्नेसिअमको मात्रा वृद्धि गर्दा भएको प्रभावबारे परीक्षण गरेकी थिइन्।

दुई हप्ताका लागि उनीहरूले सुत्नु अघि म्याग्नेसिअमको चक्की लिए र अर्को दुई हप्तामा उनीहरूले प्लसिबो चक्की लिए।उनीहरूको निद्रा शरीरमा लगाइएको ट्र्याकरद्वारा मापन गरियो र उनीहरूको निद्रा कस्तो रह्यो भन्नेबारे सोधिएको पनि थियो। हाउसेनब्लासले सहभागीहरूको प्लसिबो चक्कीभन्दा म्याग्नेसिअम चक्की लिँदा गहिरो निद्राको अवधिमा सुधार आएको थाहा पाइन्। त्यसरी निद्राको अवधिमा सुधार आए पनि त्यो समस्याको उपचार भने नभएको हाउसेनब्लास बताउँछिन्।

तर सुत्नु अगाडि म्याग्नेसिअम लिँदा तपाईँको सुताइसम्बन्धी समस्या समाप्त हुन्छ भन्ने होइन । यदि तपाईँ निश्चित समयमा सुत्ने उठ्ने गर्नुहुन्न बाहिर जानु हुन्न र व्यायाम गर्नु हुन्न अनि अति प्रशोधित खानेकुरा खानु हुन्छ भने राम्रो निद्रा आउँदैन।म्याग्नेसिअमले मानसिक स्वास्थ्य समस्यामा हुने सम्भावित फाइदाका कारण पनि निद्राको गुणस्तरमा सुधार हुन सक्छ। अध्ययनहरूले कमजोर निद्रा र डिप्रेसनबीच नजिक सम्बन्ध रहेको देखाएका छन्।

सन् २०१७ को एक अध्ययनले हरेक दिन म्याग्नेसिअम सप्लिमेन्ट खाँदा जुनसुकै उमेर, लिङ्ग वा बिरामीको तह भए पनि डिप्रेसन र एङ्जाइटीमा धेरै सुधार भएको पाएको थियो।अनुसन्धानले देखाए अनुसार फलफूल र तरकारी धेरै खाँदा पनि डिप्रेसनका लक्षणहरूमा सुधार आउने देखिएको छ। सावधान भएर रोजिएको बेलुकाको खानाले मात्रै राम्रो निद्रा लाग्ने भन्ने होइन त्यसमा खाना कतिखेर खाने भन्नेको पनि भूमिका हुने अनुसन्धानकर्ता सहमत छन्।

ज्यान्सेन भन्छिन्, “सुत्नुभन्दा अघि गर्नुपर्ने एउटा मुख्य काम भनेको ओछ्यानमा जानु केही घण्टा अघि नै खासगरी उच्च क्यालोरीयुक्त खानेकुरा खान बन्द गर्नुपर्छ।“अनुसन्धानले देखाए अनुसार बिहानको खाना छिटो खानु पनि निद्राको गुणस्तरसँग जोडिएको छ। त्यस्तै सुत्नुभन्दा केही बेर अघि मात्र खाना खाँदा निद्रा लाग्ने समय पछाडि धकेलिन सक्छ।दिउसो खाने र राति सुत्ने बानीलाई पनि जोडेर हेर्न सजिलो हुने ज्यान्सेन बताउँछिन्।

दिन र रातबीच स्पष्ट फरक गर्नुभयो भने मस्तिष्कले अब सुत्ने समय भयो भनेर थाहा पाउन सजिलो हुन्छ उनी भन्छिन्। हरेक बिहान मस्तिष्कले नयाँ दिन सुरु गर्छ र त्यसमा बिहानीको प्रकाशको भूमिका हुन्छ।र हाम्रो शरीरलाई कति बज्यो भन्ने थाहा खाना मार्फत् जानकारी दिने अर्को तरिका हो।कुनै निश्चित समयमा एउटा कुरा गर्ने बानी गर्दा शरीरले राम्रो काम गर्छ।

## छुर्पीको माग उच्च भएपछि उत्पादन बढ्यो



गलकोट। यस वर्ष बागलुङबाट रु ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ। दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले आर्थिक वर्ष २०८१/८२ मा रु ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सङ्घका अध्यक्ष दीपक गौतमले बताउनुभयो।


अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ। अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ। आव २०८०/८१ रु ३८ लाख ५४ हजारबराबरको छुर्पी बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष रु १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ। दुग्ध सहकारीले यस वर्ष रु १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ।

उहाँका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ। त्यसमध्ये अन्तरराष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ। छुर्पीको माग बढेपछि सङ्घले एक वर्षमा रु १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो।

दुग्ध सहकारी सङ्घले बागलुङका १५ सहकारी संस्थाको दूध सङ्कलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन्। जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन्। हाल सहकारी सङ्घले छुर्पी प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ। सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन्।

सहकारी सङ्घमा १७ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताउनुभयो। यस्तै आव २०७९/८० मा रु २९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो।रासस

# समस्याको जालोमा चाँगुनारायण मन्दिर



चाँगुनारायण। विश्व सम्पदा सूचीमा रहेका चाँगुनारायण मन्दिर उपयुक्त ऐन र मागबाट व्यवस्थापन नुहँदा अस्तव्यस्त बनेको छ। नेपालकै सबभन्दा पुरानो धरोहरका रुपमा परिचित १८ सय वर्ष अगाडि निर्माण भएको चाँगुनारायण मन्दिर सञ्चालन एवं व्यवस्थापन पुजारी, स्थानीयवासी र स्थानीय सरकारबीच चाँगुनारायण एकीकृत विकास कोषको रुपमा जान नसक्दा मन्दिरको अस्थितत्वमाथि नै सङ्कट पर्न थालेको छ।

चाँगुनारायण मन्दिरका नाममा रहेका बिभिन्न समितिहरु र पुजारीहरुमै आरोपप्रत्यारोप छ भने जात्रा, पर्व चलाउन गुठीदेखि सरकारले समेत चासा नदिएको भन्दै समस्या मन्दिर संरक्षणमा चासो घट्दै गइरहेको छ। पुरातत्व विभागले यसको विकासमा प्रभावकारी कार्य गर्न नसकेको र गुठी संस्थानले आफ्नो नाममा रहेको सम्पत्ति संरक्षणमा चासो नदिएको, पुजारीहरुले भेटी व्यवस्थापन नगरेको, चाँगुनारायणको मूल मन्दिर, छिन्नमस्ता मन्दिर, किलेश्वर महादेव मन्दिरमा रहेका पुजारीबीच नै संघर्ष रहेको, भेटी पुजारी आफैले राख्ने गरेको, सत्तलमा समेत ताल्चा लगाएको, विदेशीलाई सत्तल भाडामा दिएको, सम्पत्तिको संरक्षण नभएको, मूलढोका र मन्दिर परिसरमै पसल सञ्चालन गरेको, मन्दिर क्षेत्रमै फोहोर थुपारिदिने गरेकोलगायत अनगिन्ती गुनासा र समस्याहरु जेलिएका छन्। यहाँका जात्रा पर्वमा अत्यावश्यक बाजालगायतका परम्परा लोप हुने अवस्थामा पुगिसकेको छ।

### मन्दिर स्थापना र ऐतिहासिक पक्ष

ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्व बोकेको प्राचिन सभ्यताको अद्भूत नमूनाको रुपमा रहेको काठमाडौँ उपत्यकाको सबैभन्दा पुरानो मन्दिर एवं सम्पदाको रुपमा चाँगुनारायण मन्दिरलाई चिनिन्छ। गोपाल बंशावलीअनुसार तेस्रो शताब्दीमा इसापूर्व ३२३ मा लिच्छवीकालीन राजा हरिदत्त वर्माद्धारा यस मन्दिर स्थापना गरेको मानिदै आएको छ।

राजा मानदेवले आफ्नो पिताको मृत्युपछि दोष निवारण गर्न आफ्ना आमाको साथमा आएर चाँगुनारायणको पूजा गरेको र उहाँले ५२१ अर्थात इसापूर्व ४६४ मा मन्दिर परिसरमा गरुडको मूर्ति स्थापना गरी शिलालेख राख्नुभएको उल्लेख छ। नेपालको सबभन्दा पुरानो ऐतिहासिक शिलालेखको रुपमा चिनिन्छ।

मध्यकालमा राजा शिव सिंहकी रानी गङ्गारानी र १८ औं शताब्दीको सुरुमा कान्तिपुरका राजा भास्कर मल्लले मर्मतसम्भार गरेको मानिन्छ। सन् १९७९ मा यस मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेपछि मन्दिरले अन्तर्राष्ट्रिय पहिचान पाएको हो।

वास्तुकलाको अनुपम नमूना मानिने यस मन्दिर दुई तह प्यागोडा शैलीमा निर्माण गरिएको मन्दिरमा काठ, ईँटा, ढुङ्गा, धातुमा सुन्दर कलात्मकता पाइन्छ भने यहाँ कोरिएका मूर्तिहरू, ढोका तोरण, गङ्गा-यमुना देवी मूर्तिहरू र गरुड चढेको विष्णु प्रस्तर मूर्ति महत्वपूर्ण कलात्मक पक्ष मानिन्छ। काठका स्तम्भ र तोरणमा विष्णुका त्रिविक्रम, नरसिंह, बराह आदि अवतार, काली, गरुड, सिंह आदिको कलात्मक मूर्तिकला रहेका छन्।

चाँगुनारायण मन्दिर भगवान विष्णुको स्वरुप भएकाले यहाँ परम्परागत रूपमा वैष्णव परम्परा अनुसार पूजा गरिँदै आएको छ। माघ शुक्ल पूर्णिमा, हरिबोधिनी एकादशी, नागपञ्चमी, जनैपूर्णिमा यहाँ विशेष पूजा एवं मला लाग्ने गर्दछ। यहाँ दैनिक बिहान-साँझ नित्य पूजा गरिदै आएको छ।

### चाागुनारायणबारे किम्बदन्ती

परापूर्वकालमा विशाल चाँपका जङ्गल रहेको दोलाशिखर स्वामीको नाममा चिनिने यस क्षेत्र पछि चम्पक (चाँप) र वन (गुँ) नामबाट "चाँगुनारायण" नामाकरण हुन गएको कथन छ। यहाँका ब्राम्हणले गाई पालेका थिए। सुदर्शन नामका गोठालोले गाई चराउने, दूध पुर्यउने गर्थे। धेरै दिन गाईले दूध नदिएको जानकारी पाएपछि ब्राह्मणले दूध चोर्ने व्यक्तिलाई काट्छु भन्दै तरबार बोकर आए। जङ्गलमा गाई चराउँदा एउटा ठूलो चाँप (चम्पक) को रूखमा पुगेपछि दूध आफैँ हराएको देखेर अचम्मित भए।

त्यहीबेला त्यही रुखबाट एउटा कालोमान्छे निस्किएर हिडेको देखेर ब्राम्हणले टाउको काटिदिए। त्यसपछि भगवाण विष्णुले आफ्नो स्वरुको दर्शन दिएर आफूलाई श्राप मुक्त गरी सोही ठाउँमा भगवान विष्णु बसेको र गोठालाहरुलाई पुजारी बनाएको धार्मिक मान्यता रहँदै आएको छ।

### मन्दिरको संरक्षणमा नगरपालिकाको चिन्ता

चाँगुनारायण मन्दिरको दीर्घकालीन संरक्षणका लागि पशुपति विकास कोषको मोडालिटीमा सञ्चालन गर्न चाँगुनारायण नगरपालिकाले नेपाल सरकारलाई अनरोध गरेको छ। नगरप्रमुख खत्री भन्नुहुन्छ, "चाँगुनारायण मन्दिरलाई पशुपति विकास कोषको ढाँचामा लैजान हतार भइसक्यो। यसका लागि नगर कार्यपालिका बैठकले निर्णय गरेर सरकारलाई पत्राचार गरिसकेको छ, संस्कृति तथा पर्यटन मन्त्रालयलाई पनि पत्र पठाएर अनुरोध भएको छ। चाँगुनारायण मन्दिरलाई नेपाल सरकारले कोषमा लगेर छिट्टै व्यवस्थापन गर्न अनुरोध गर्दछौं।"

नगरप्रमुख खत्रीले पटकपटक समिति र पुजारीहरुसँग बसेर मन्दिरलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिकाले प्रयास गर्दा पनि छलफलमा सहभागि नै नहुँदा समस्या समाधानतर्फ नबढेको बताउनुहुन्छ। चाँगुनारायणबाट काठमाडौँको हनुमानढोका हुँदै राष्ट्र प्रमुखसम्म, उत्तरमा साँखुसम्म यहाँको जात्रा, पर्व परम्परा जाने, माघमा स्वस्थानीको ब्रतमा यहाँ आउनै पर्ने जस्ता धेरै परम्पराहरु रहेकाले मन्दिर व्यबस्थापनमा सरकारले चासो दिनुपर्ने उहाँको भनाइ छ।

विश्वमा चर्चामा रहेको यस मन्दिर विश्वभरका हिन्दू, बौद्ध र बैष्णव धर्मावलम्बीहरुको ठूलो आस्था रहेको बताउदै उहाँले भन्नुभयो, "यहाँका पुजारीहरु र स्थानीयको कुरा नै फरक छ, स्थानीयको अपनत्व जुटाउनै मुश्किल परेको छ। नगरपालिकाले पर्यटन शुल्कबाट उठाएको रकमभन्दा धेरै यहाँको विकासका लागि खर्च गरेका छौँ।" उहाँले मन्दिरको विकास, लोप हुन लागेको जात्रा पर्वको संरक्षण गर्ने, त्यहाँको जग्गाको अवस्था, आयस्रोतको अवस्थालाई व्यबस्थित गर्ने र नगरपालिकाले बजेट थप गर्नु आफू नगर प्रमुख भएदेखि नै लागिरहेको बताउनुभयो।

चाँगुनारायण मन्दिर यहाँका बासिन्दाको लागि सुनको कचौरा भएकाले यसलाई पित्तल हुनबाट जोगाउन, नगरपालिका, वडा कार्यालय, समितिहरु, स्थानीय समुदाय एक भएर लाग्नुपर्ने उहाँको भनाइ छ। नगर प्रमुख खत्रीले भन्नुभयो, "मन्दिर क्षेत्रको सिमांकन गर्ने, जग्गाको संरक्षण गर्ने, सबै व्यबस्थित गर्ने हो भने नगरपालिका मन्दिरका लागि रु २० करोडसम्म लगानी गर्न पनि तयार छ, तर स्थानीयले अपनत्व चाँही लिनु पर्छ, जथाभावी छाड्नु हुँदैन।"

चाँगुनारायण मन्दिरको विशेषतालाई विश्वभर प्रचार गर्नसके पर्यटकको ओइरो लाग्छ भन्दै उहाँले पशुपति मन्दिरमा आउने पर्यटकमध्ये दुई प्रतिशत वैष्णव धर्म मान्ने पर्यटकलाई मात्रै यस मन्दिरमा ल्याउनसके यहाँको आम्दानीले नै सबै खर्च धान्न सक्ने बताउन्नुभयो। चाँगुनारायण मन्दिरको प्रचारप्रसारकै लागि नगरकोट भ्रमण वर्ष-२०८२ को अवसर पारेर पहिलोपटक नगरपालिकाले आउँदो असोज ११ गते मनाइने विश्व पर्यटन दिवस मन्दिरमै भव्यरुपमा आयोजना गर्ने भएको छ। मन्दिरमा एक महिने विष्णु पुराणको आयोजना गर्ने घोषणा गरेको छ।

चाँगुनारायण नगरपालिका-४ का वडाध्यक्ष रोजबहादर तामाङ्गले चाँगुनारायणको संरक्षण र यहाँको सम्पत्तिको संरक्षणमा स्थानीय समुदाय, पुरातत्व विभाग र गुठी संस्थानले चासो दिन नसकेको औंल्याउनुभयो। वडा नं. ५ का वडाध्यक्ष जयन्द्र खड्काले स्थानीयले जिम्मेवार बहन नगर्दा त्यहाँ उब्जिएका समस्याको दोष नगरपालिकालाई देखाउने गरिएको बताउनुहुन्छ। चाँगुनारायणको दीर्घकालीन विकासका लागि चरणबद्ध रुपमा समुदायस्तरले नै छलफल गर्नुपर्ने उहाँको भनाइ छ।

### पुरातत्व र गुठी संस्थानको यस्तो छ भनाइ

पुरातत्व विभाग दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख देवेन्द्र भट्टराईले विश्व सम्पदा सूचीमा रहेको यस मन्दिरमा स्थानीयले जथाभावी फलामको मेच राख्ने, मन्दिर प्रवेशद्वारमै जस्ताको टवस्था रहे यनेस्कोले सूचीबाट हटाउन सक्ने उहाँको भनाइ छ। जुनसुकै काम गर्दा पनि विभागसँग स्वीकृत लिएर गर्नुपर्नेमा जथाभावी भइरहेको भन्दै उहाँले मन्दिरका बिभिन्न संरचनाको पुनःनिमाणका लागि बजेट नहुँदा केही गर्न नसकेको बताउनुभयो।

यता गुठी संस्थान जिल्ला कार्यालय भक्तपुरकी प्रमुख खिमा ओलीले मन्दिरमा मसिरमा हुने महास्नान पर्व गुठीले खर्च गरिदिने गरेको बताउदै अरु जात्रा, पर्व खर्च मन्दिरको विभिन्न गुठीका नाममा रहेको जग्गाबाट प्राप्त आयस्रोतबाट खर्च गर्नुपर्ने बताउनहुन्छ। उहाँले भन्नुभयो, "चाँगुनारायण मन्दिरको मल्लकालीन दरबार, महादेवको मूल मूर्ति, चाँगुनारायणको कूल मन्दिरलगायतका धेरै संरचना व्यक्तिले निजी बनाएर राखेको गुनासो र उजुरी स्थानीयबाट आएको हो, त्यसबारे अख्तियारले पनि लामो समयदेखि छानबिन गरिरहेको छ। संस्थानले पनि मुद्धा हेरिरहेको छ।"

### यसो भन्छन् मूल पुजारी

चाँगुनारायणमा मूल पुजारी एवं चाँगुनारायण मन्दिर विकास समितिका अध्यक्ष चक्रधरानन्द राजोपाध्याय पशुपति विकास कोष अनुरुप नै चाँगुनारायण विकास कोष बनाई सरकार मातहत ल्याएर मन्दिरको सम्पूर्ण व्यवस्थापन चलाउनु पर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "हामीले २० वर्षदेखि यो आवाज उठाउँदै आएका छौं। अहिले नगरप्रमुखले पनि कोषकै ढाँचामा चलाउनुपर्छ भन्नु भएकामा हामी खुसी छौं।"

यस मन्दिरमा तीन वटा सरकारी संस्थाका ऐन रहेको बताउदै उहाँले भन्नुभयो, "पुरातत्व ऐन यहाँ लागू छ, यो ऐनले पुरातत्व विभागसँग सहमति र स्वीकृतिबिना केही गर्न पाइँदैन भन्छ, अर्को गुठी ऐन यहाँ लागू छ, गुठी संस्थानले यहाँका परम्परागत रुपमा रहेको मन्दिर, पाटी पौवा, पुजारी, सबै गुठीको मातहत चल्नुपर्छ भन्छ, अर्को नगरपालिका ऐनले पनि स्थानीय सम्पदा स्थानीय सरकार मातहत छ भन्छ, अनि काम कसरी हुन्छ ?"

पुजारीलगायतलाई उचित तलबको व्यबस्थापन गरेमा मन्दिरका भेटी एकत्रित गरी सरकारी राजस्व कोषमा लैजान तयार रहेको मूल पुजारी राजोपाध्यायले बताउनुभयो। उहाँले भन्नुभयो, "चाँगुनारायणको मल्लकालीन राजदरबार र कूल देवताको मन्दिर एवं देवस्थलसहितको कित्ता नम्बर २१० रहेको बगैंचासहितको जग्गा हिनामिना भई व्यक्तिको नाममा जाँदा पनि गुठी संस्थान मूकदर्शक भएको छ। व्यक्तिको घरको कम्पाउण्डमा मन्दिरसहित पाँच फिट अग्ला मूर्ति चाङ्ग लगाएर राखिएको छ, ती सबै जग्गा एवं संरचना मन्दिरकै नाममा फिर्ता हुनुपर्छ।"

मुहाली बाजा, पञ्चेबावालगायतको अस्तित्व जोगाउन, मन्दिरका लागि फूल ल्याउन रु. ५५० देखि रु.पाँच हजारसम्म शुल्क लिएर विशेष आरतीको सुरुवात गरेसँगै केही राहत मिलेको बताउँदै पशुपतिनाथ मन्दिरमा गरिने पूजा विधि अनुसारनै चाँगुनारायण मन्दिरको नित्य पुजा विधि युगौदेखि चल्दै आएको बताउनुभयो।

किलेश्वर मन्दिरका पुजारी शङ्करराज भट्टले मन्दिरको अवस्था देख्दा मुटु पोल्ने गरेको भन्दै अद्धितीय कलाले भरिपूर्ण चाँगुनारायणको अबस्था देख्दा दुःख लाग्ने गरेको बताउनुहुन्छ। उहाँले १०९० सालमा खरिद गरेको जग्गालाई बिवादित बनाएको बताउँदै गुठीले रोपनीको २०० देखि ३०० मा जग्गा बिक्री गर्नु दुर्भाग्य भएको बताउनुहुन्छ। छिन्नमस्ताका पुजारी कलासमान कर्माचार्य, मन्दिरका भर्डेल नाइके श्रीकुमार भर्डेल, मन्दिर व्यबस्थापन समितिका सदस्य दिनेश खनालले सरोकारवाला सबै निकाय एकै ठाउँमा बसेर समस्याको समाधान खोज्न सके चाँगुनारायणको बृहत्तर बिकास हुने बताउनु हुन्छ।रासस

# झलारीका होटल तथा रेष्टुरेन्टमा प्रयोग हुने चिल्लो पदार्थमा 'ट्रान्सफ्याट'को मात्रा उच्च



कञ्चनपुर। शुक्लाफाँटा नगरपालिका-१० झलारी बजारका अधिकांश होटल तथा रेष्टुरेन्टमा बनाइने परिकारमा हानिकारक चिल्लो पदार्थको प्रयोग हुने गरेको पाइएको छ। बजार अनुगमनका क्रममा 'ट्रान्सफ्याट' (ठोस चिल्लो पदार्थ)को मात्रा उच्च रहेको पाइएको हो।

धनगढीस्थित खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालयका नायब प्राविधिक सहायक तोयनाथ ओझाका अनुसार होटलमा खानाका परिकार बनाउन प्रयोग हुने तेललाई धेरैपटक तताएर प्रयोगमा ल्याउने गरिएको पाइएको छ।

"तेललाई जतिपटक तताइन्छ 'स्याचुरेटेड फ्याट' वृद्धि हुँदै जान्छ, त्यस्तो तेल स्वास्थ्यका निकै हानिकारक हुन्छ", उहाँले भन्नुभयो। 'टोटल पोलर मिटर' (टिपिएम)को मद्दतले होटलमा खाना नास्ताका परिकार बनाउन प्रयोग हुने तेल परीक्षणको कार्य गरिएको छ।

जसमा तेलको टिएम भ्यालु उच्च देखिएको छ। "टिएम भ्यालु २० सम्म आएमा त्यसलाई सामान्य मानिन्छ", नायब प्राविधिक सहायक ओझाले भन्नुभयो, "भ्यालु २१ देखि २४ सम्मलाई चेतनावनी तह र २५ भन्दामाथि आएमा हानिकारक विषसमान मानिन्छ।"

उहाँका अनुसार अनुगमन गरिएकामध्ये आधाभन्दा बढी होटल र रेष्टुरेन्टमा तेलको टिएम भ्यालु २५ भन्दामाथि देखिएको छ। खाद्य पदार्थ बनाउन प्रयोग हुने तेललाई पुनः तताउने र त्यसकै माथि अरु तेल खन्याएर खाद्य पदार्थ बनाउँदा समस्या देखिएको उहाँको भनाइ छ।

वनस्पति तेललाई एकपटक प्रयोग गरेपछि दोस्रोपटक दोहोर्याएर प्रयोग गर्न नमिल्ने उहाँले बताउनुभयो। ट्रान्सफ्याट तेलको प्रयोग गरी बनाइएका खाद्य पदार्थको सेवन गर्दा मुटु, रक्तनली, मिर्गौला, मस्तिष्कमा गम्भीर असर पुर्याउने कार्यसँगै रगतलाई बाक्लो बनाउने, उच्च रक्तचापको समस्या निम्त्याउने र हृदयघातको समस्या निम्त्याई मृत्युदरलाई बढाउने गरेको पाइएको उहाँले उल्लेख गर्नुभयो।

> ट्रान्सफ्याट तेलको प्रयोग गरी बनाइएका खाद्य पदार्थको सेवन गर्दा मुटु, रक्तनली, मिर्गौला, मस्तिष्कमा गम्भीर असर पुर्याउने कार्यसँगै रगतलाई बाक्लो बनाउने, उच्च रक्तचापको समस्या निम्त्याउने र हृदयघातको समस्या निम्त्याई मृत्युदरलाई बढाउने गरेको पाइएको उहाँले उल्लेख गर्नुभयो।

बजारमा यस्ता ट्रान्सफ्याटको प्रयोग गरी बनाइएका खाद्य पदार्थको सेवन नगर्नु नै उचित हुने उहाँको सल्लाह रहेको छ। "यो सँगै होटल तथा रेष्टुरेन्टहरूमा हानिकारक रङहरूको प्रयोग गरी जेरी मीठाइ, चिकेन पकौडा, रोष्टलगायत परिकार बनाइएको देखियो", उहाँले भन्नुभयो, "ती परिकार जफत गरी नष्ट गर्न नगरपालिकाको जिम्मा लगाएका छौं, अखाद्य रङहरूको प्रयोग गरी बनाइएका खाद्य पदार्थले हृदयघात र क्यान्सरजस्तो प्राणघात रोग निम्त्याउने भएकाले सेवन गर्नबाट बच्नुपर्छ।"

"धेरै होटेलहरूमा बनाइएका परिकार राख्न र छोप्नका लागि अखबारको प्रयोग भएको पाइएको छ, अखबार छाप्न प्रयोग भएको रङ खाद्य पदार्थमा लाग्ने भएकाले त्यो पनि निकै हानिकारक रहेको छ", उहाँले भन्नुभयो।रासस

# तरकारी बेचेर जीविकोपार्जन गर्दै महिला



तानसेन। डुम्रेकी रमिता विकले तानसेनमा तरकारी र फलफूल बेचेर जीविकोपार्जन गर्दै आउनुभएको छ। "बिहानै गाउँबाट तरकारी ल्याएर छोरालाई खाना पकाएर खुवाएपछि डोको बोकेर निस्कन्छु", नारायणस्थानमा तरकारी बेच्दै गरेको अवस्थामा भेटिनुभएकी उहाँले भन्नुभयो, "दिनभरि बजार डुलाएर तरकारी, फलफूल बेच्छु। त्यही कमाइले छोराको पढाइ खर्च र बिहानबेलुका हातमुख जोड्छु, यो मेरो दैनिकी यही हो।"

मदन पोखराकी सीता कुमाल पनि सिजनमा तरकारीको भारी बोकेर तानसेन बजार पुग्ने गर्नुहुन्छ। उहाँ बारीमा उत्पादित तरकारी बजारमा बिक्रीका लागि आफ्ना दौँतरीसँग बिहान ६ बजे गाउँबाट निस्किनुहुन्छ। 'तरकारी आयो तकारी आयो' भन्दै टोलटोल पुग्नुहुन्छ। "दिनकै हिँडेर तरकारी बेच्नु दुःख कष्ट त छ", उहाँले भन्नुभयो, "तर, गुजारा गर्न यत्ति गर्नै पऱ्यो।"

तानसेन नगरपालिका-११ बाँझाकी ३८ वर्षीया राधिका खाँती पनि दिनहुँजसो घरबाट तरकारी ल्याएर तानसेनस्थित शीतलपाटी नजिकै मन्दिर छेउमा बसेर बिक्री गर्नुहुन्छ। तरकारी बिक्री गरेर आएको पैसाले सहज रूपमा उहाँको घरको खर्च चलेको छ। "आम्दानीको स्रोत नहुँदा केही समयअघिसम्म घर खर्च चलाउन निकै गाह्रो थियो", उहाँले भन्नुभयो, "घर खर्चका लागि श्रीमान्को मुख ताक्नु पर्दथ्यो। तरकारी बेच्न थालेपछि श्रीमान्बाट घर खर्च माग्नु परेको छैन।"

खाँती आफैँले फलाएको र केही अन्य किसानले उत्पादन गरेको तरकारी सङ्कलन गरी तानसेनमा ल्याएर बिक्री गर्दै आउनुभएको हो। खाँतीले तरकारी बेचेर अहिले मासिक लाखौँ रुपैयाँ कमाउन थाल्नुभएको छ। मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण उहाँ बन्नुभएको छ।

लकडाउपछि शीतलपाटी सडक नजिकैको मन्दिर आसपासमा बसेर खाँतीले ताजा तरकारी र फलफूल बिक्री गर्दै आउनुभएको हो। उहाँले तरकारी बिक्रीबाट दैनिक दुई हजारदेखि पाँच हजारसम्म आम्दानी हुने जानकारी दिनुभयो। तरकारी बिक्रीबाट भएको आम्दानीले छोराछोरीलाई पढाउन, खर्च खर्च तथा चार जनाको परिवार चलाउन सहज भएको उहाँको भनाइ छ।

खाँतीलाई श्रीमान्ले तरकारी सङ्कलनमा दैनिक सहयोग गर्दै आउनुभएको छ। "तरकारी बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको थियो", उहाँले भन्नुभयो, "अहिले आफ्नो पेसा व्यापार हो भन्ने बुझेकी छु। अब सकुञ्जेल यही काम गर्ने हो।" राधिकाका अनुसार अर्गानिक तरकारी किन्ने ग्राहकको यहाँ दैनिक भीड लाग्ने गर्दछ। प्रायः बजार गर्न आउने र अफिसबाट फर्कनेहरुले तरकारी किनेर लैजाने गरेको उहाँको भनाइ छ।

राधिकाले झैँ आफ्नै बारीमा फलेका र अन्य कृषकद्वारा उत्पादित तरकारी बेचेर कुरुङखोलाकी जमुना बोहोराले पनि मनग्य आम्दानी गर्दै आउनुभएको छ। उहाँले विगत डेढ दशकदेखि सडक पेटीमा तरकारी बेचेर घर खर्च चलाउँदै आउनुभएको हो। उहाँले पनि दैनिक रु एक हजारदेखि रु तीन हजारसम्म आम्दानी गर्नुहुन्छ। उहाँहरू मात्र होइन बजार आसपासमा रहेका धेरै महिला दैनिकजसो तरकारी बिक्रीका लागि बजारसम्म आउने गर्नुहुन्छ। तरकारी बिक्री गरेर आम्दानी भएको रकमले घर व्यवहार चलाउँदै आएको महिला बताउँछन्।रासस

# मुख्यमन्त्री सिंहद्वारा राजीनामा



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहले सोमबार पदबाट राजीनामा दिएका छन् ।

जेन-जी पुस्ताले चर्काएको आन्दोलनका क्रममा प्रदर्शनकारीको मृत्यु र व्यापक दमनका घटनापछि उनले आत्मसम्मानका साथ पद त्यागेको घोषणा गरेका छन् ।

सामाजिक सञ्जालमा पोस्ट गर्दै मुख्यमन्त्री सिंहले आन्दोलनका क्रममा निर्दोष युवाको ज्यान गएको घटनाले आफूलाई असह्य पीडा र गहिरो दुःख दिएको उल्लेख गरेका छन् । उनले दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

उनले लेखेका छन्, "नागरिककै जीवन सुरक्षित गर्न नसकिएको वर्तमान परिस्थितिले मलाई आत्मसम्मानपूर्वक यो निर्णय लिन बाध्य बनाएको छ । नागरिकको ज्यानभन्दा ठूलो अरु केही छैन भन्ने अटल विश्वासका साथ, जनताको अधिकार र भविष्यप्रति उत्तरदायी हुँदै म मधेश प्रदेशको मुख्यमन्त्री पदबाट राजीनामा गर्दछु ।"

मुख्यमन्त्री सिंहले संविधानले प्रत्येक नागरिकलाई दिएको शान्तिपूर्ण आन्दोलनको अधिकारलाई सम्मान गर्ने आफ्नो प्रतिबद्धता व्यक्त गर्दै समस्या समाधानको बाटो संवाद, आपसी समझदारी र सहकार्य नै हुने विश्वास दोहोऱ्याए ।

राजीनामा सन्देशमा उनले मुख्यमन्त्री रहँदासम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ र सहयोग गर्ने सबैप्रति आभार प्रकट गर्दै जनमत पार्टीका अध्यक्ष सीके राउतसहित नेता-कार्यकर्ताप्रति कृतज्ञता व्यक्त गरेका छन् ।

# मुख्यमन्त्री कार्यालयदेखि पार्टी कार्यालयसम्म आगजनी, धनुषामा कर्फ्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी प्रदर्शनकारीहरुले मंगलबार बिहानैदेखि जनकपुरधाम नगरको विभिन्न स्थानमा प्रदर्शनसहित तोडफोड गरेका छन् ।

राजनीतिक नेतृत्व र सत्तारूढ दलका शीर्ष नेताहरूको घर तथा कार्यालयहरू प्रदर्शनकारीहरूको निशानामा पारेका छन् ।

सामाजिक सञ्जामाथि लगाइएको प्रतिबन्ध र भ्रष्टाचारविरुद्धको आन्दोलनको क्रममा जनकपुरधामस्थित युवाहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, मधेश प्रदेशको प्रदेश सभा, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रलालय, जिल्ला प्रशासन कार्यालय धनुषा, भन्सार कार्यालय जनकपुर, यातायात व्यवस्था कार्यालय जनकपुर, मुजेलियास्थित प्रहरी चौकी, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयलगायत बल्वा प्रहरी चौकीलगायतमा जेन-जी प्रदर्शनकारीहरुले तोडफोडसहित आगजनी गरेका छन् ।



त्यस्तै उनीहरुले नेपाली कांग्रेसको मधेश प्रदेशको कार्यालय र धनुषा जिल्लाको पार्टी कार्यालय, नेकपा एमाले धनुषाको कार्यालय, नेकपा माओवादी केन्द्र धनुषाको कार्यालयमा आगजनी गरेका छन् । सो आगजनीका कारण कार्यालय भित्र रहेका सोफा, कुर्सी, महत्वपूर्ण कागजात फाइलहरुलगायतका सरसामग्रीहरुले जलेर नष्ट भएको छ ।

त्यस्तै उनीहरुले नेकपा एमालेका केन्द्रीय सचिवसमेत रहेका पूर्वमन्त्री रघुवीर महासेठको घरमा प्रदर्शनकारीहरुको एक समूहले आगजनी गरेका छन् । भने पूर्वउपप्रधानमन्त्रीसमेतरहेकाप्रतिनिधिसभा सदस्य विमलेन्द्र निधिको घरमा पनि आगजनी गरेका छन् ।

त्यस्तै जनकपुरधामस्थित जानकी चोकमा प्रहरीमाथि प्रदर्शनकारीहरुले ढुंगामुढा प्रहार समेत गरेका छन् । सो क्रममा जनकपुरधामको विभिन्न चोकमा प्रदर्शनकारीहरुलेसडकजामगरीआन्दोलन गरेका छन् ।

सोमबार प्रहरीले काठमाण्डु र इटहरीमा प्रदर्शनकारीमाथि गोली चलाउँदा १९ जना युवाको मृत्यु भएपछि देशभर आक्रोशित आन्दोलन तीव्र बनेको छ ।

सरकारको मौनता, दमनको शैली, र नागरिकको आवाजलाई दबाउने प्रयासप्रति असन्तुष्ट जनाउँदै युवा पुस्ता सडकमा उत्रिएका छन् ।

त्यस्तै जनकपुरधाममा भइरहेको जेन-जीको उग्र प्रदर्शनपछि धनुषामा कर्फ्यु लागेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले जनकपुरधाम क्षेत्रमा आज दिउँसो ३ बजेदेखि लागु हुने गरी कर्फ्यु लगाएका छन् ।

कर्फ्यु बुधबार बिहान ७ बजेसम्म रहने प्रमुख जिल्ला अधिकारी आचार्यले जारी गरेको आदेशमा उल्लेख छ ।

## जनकपुरधाम उपमहानगरमा आगजनी




**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी युवाहरुको एक समूहले मंगलबार दिउँसो जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा आगजनी गरेका छन् ।

जनकपुरधाम उपमहानगरको कार्यालय परिसरमा लागेको सवारीसाधनमा समेत उनीहरुले तोडफोड गरेका छन् ।

आगजनी गर्ने क्रममा प्रदर्शनकारीहरुले जनकपुरधाम उपमहानगरको कार्यालयभित्र राखिएको एलपी ग्यास दुई सय थानमा समेत आगजनी गरेको छ । आगजनीका कारण सबै ग्यास सिलिण्डर विस्फोट हुँदा सो क्षेत्रका घरधनीहरु निकै त्रसित थिए ।

ग्यास सिलिण्डर विस्फोटनको क्रममा भएको पराकम्प र आगजनीका कारण जनकपुरधाम उपमहानगरको कार्यालयभित्र रहेका सोफा, कुसी, कागजातलगायत अधिकांश महत्वपूर्ण सामग्रीहरुसमेत नष्ट भएको छ ।

# प्रशासकीय अधिकृत नहुँदा सेवा प्रभावित

**टुडे समाचारदाता**

रौतहट । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाए पनि उनीहरू कार्यालयमा हाजिर नहुँदा सेवा लिन आउने सेवाग्राहीको कामकाज प्रभावित हुँदै आएको छ । संघीय मन्त्रालयले गत १२ गते रौतहटको १६ वटा स्थानीय तहमा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाएको थियो ।

इञ्जिनियरिङ सेवातर्फका गरुडा नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत मुस्ताक आलम अनिवार्य अवकाश भएपछि गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमणिप्रसाद कलवार प्रमुख प्रशासकीय अधिकृत खोज्दै मन्त्रालय पुगेपछि त्यहाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृत नीलमकुमार न्यौपाने हाजिर भएका छन् । गरुडा नगरपालिकाबाहेकका १५ वटा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्पर्कमासमेत नआएको सम्बन्धित स्थानीय तहले जनाएका छन् ।

परोहा नगरपालिकाका नगरप्रमुख शेख वकिलले आफ्नो नगरपालिकामा खटाइएका उपसचिव दीपककुमार निरौलाको प्रतीक्षामा दिन बित्ने गरेको गुनासो पोखे । मन्त्रालयले उपसचिव खटाए पनि हाजिर हुन नआएको उनले गुनासो गरे । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कर्मचारी प्रशासन महाशाखा प्रमुख पार्वती शर्माका अनुसार खटाइएका प्रमुख प्रशासकीय अधिकृत पालिकामा हाजिर हुनैपर्ने बताए ।




खटाइएको प्रमुख प्रशासकीय अधिकृत पालिकामा हाजिर हुन गए नगएको बुझ्ने काम भइरहेको बताउँदै महाशाखा प्रमुख शर्माले कतिपय स्थानीय तहको खाता रोक्का समेत गरिएको बताए ।

दुई महिनादेखि कर्मचारी तथा शिक्षकले तलब नपाएको र दसैं नजिकिँदै आइरहेकाले जिम्मेवारीबाट हटाइएकै प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षरबाट खाता सञ्चालनको व्यवस्था मिलाइएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवीप्रसाद गौतमले बताए ।

खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन नआउने पुरानो प्रवृत्ति रौतहटमा कायम रहेकाले नयाँ प्रमुख प्रशासकीय अधिकृत खटाइएकै भरमा स्थानीय सरकारको आर्थिक काम कारबाही रोक्न नमिल्ने उनको भनाइ छ ।

मन्त्रालयले दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाए पनि पहिला खटाइएका निमित प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी रद्द नगरेकाले पुरानै प्रमुख प्रशासकीय अधिकृतको नाममा खाता सञ्चालन गर्नु बाध्यता रहेको प्रमुख कोष नियन्त्रक गौतमले बताए ।

त्यस्तै गढीमाई, माधवनारायण, राजपुर र राजदेवी नगरपालिकाको खाता सञ्चालन गरी पहिलो किस्ताबापतको ससर्त र समानीकरण अनुदान उपलब्ध गराइएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले जनाएको छ ।

रौतहटका १८ वटा स्थानीय तहमध्ये १६ वटा स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी समालेका छन् । राजदेवी परोहा, देवाहिगोनाही, बौधीमाई र गुजरा नगरपालिकामा प्रशासन सेवातर्फको अधिकृतस्तरका निजामती कर्मचारी कार्यरत रहेका छन् । गौर, राजपुर, कटहरिया, फतुवा विजयपुर र गढीमाई नगरपालिकामा स्थानीय सेवाका अधिकृतस्तरका कर्मचारी कार्यरत रहेका छन् । त्यस्तै ईशनाथ र वृन्दावन नगरपालिकामा शिक्षातर्फका कर्मचारी प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यभार समालेका छन् । माधवनारायण र मौलापुर नगरपालिकामा इन्जिनियरिङ सेवातर्फका कर्मचारी प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत रहेका छन् ।

हालै हाजिर भएको गरुडा नगरपालिकाबाहेक रौतहटको दुई वटा पालिका चन्द्रपुर नगरपालिका र दुर्गाभगवती गाउँपालिकामा मात्र दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत कार्यरत छन् ।

# वीरगञ्जमा कर्फ्युको समयावधि थपियो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामाजिल्लाप्रशासन कार्यालय पर्साले कर्फ्युको समयावधि थप गरेको छ । सोमबार राति ९ बजेदेखि मंगलबार बिहान ९ बजेसम्मका लागि जारी गरेको कर्फ्यु आदेशको समय बढाएर मङ्गलबार बिहान ११ देखि बेलुकी ६ बजेसम्म थप गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीले एक सूचनामा पूर्वमा बाइपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा गण्डक चौक, दक्षिणमा शंकराचार्य गेट चार किल्ला तोकि कर्फ्यु आदेश जारी गरिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम गरिएको आदेशअनुसार तोकिएको क्षेत्रभित्र सर्वसाधारणले आवतजावत गर्न, कुनैपनि प्रकारको भेला , जुलुस , प्रदर्शन , सभा , बैठक , घेराउ गर्न पूर्णतः निषेध गरिएको छ ।



कर्फ्यु आदेश अवधिभर अत्यावश्यक सेवाका सवारी साधनहरु एम्बुलेन्स, शववाहन, स्वास्थ्यकर्मीका सवारी साधन, सञ्चारकर्मीहरु, पर्यटक सवारी साधनहरु, मानवअधिकार तथा कुटनितिक नियोगका सवारी साधनहरु र हवाई टिकटको आधारमा हवाइयात्रुहरुको आवागमनमा सुरक्षाकर्मीहरुबाट सहजीकरण हुने जारी सूचनामा जनाइएको छ ।

भ्रष्टाचारविरुद्ध देशव्यापी रूपमा फैलिएको जेनजी पुस्ताको आन्दोलनको समर्थनमा वीरगञ्जमा पनि मङ्गलबार बिहानदेखि नै प्रदर्शन हुन थालेपछि प्रदर्शनकारीहरूले घण्टाघर चोक, माईस्थानचोक लगायतका क्षेत्रमा नाराबाजी गर्दै प्रहरी उपर ढुंगा प्रहार गर्न थालेकाले सम्भावित झडपलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले कर्फ्यु आदेशको समयावधि थप गरेको छ ।

सो प्रदर्शन भइरहेको क्षेत्रमा सुरक्षाका लागि प्रहरी र सशस्त्र प्रहरीलाई खटाइएको र हालसम्म त्यस्तो कुनै अप्रिय घटना नभएको पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुबेदीले जानकारी दिए ।

# जलेश्वर-जनकपुर सडक बन्द



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जलेश्वर, बर्दिवाससहित विभिन्न बजारहरुमा मंगलबार बिहानैदेखि जेनजीकोसमर्थनमाप्रदर्शनहरुभएको छ । प्रदर्शनकारीहरुले जलेश्वर-जनकपुरधाम सडकखण्डलाई समेत अवरुद्ध पारेका छन् ।

सोमबार काठमाण्डुदेखि देशको विभिन्न ठाउँहरुमा जेनजीहरुको प्रदर्शनमा १९ जनाको मृत्यु भएको आक्रोशमा युवाहरु बिहानैदेखि जलेश्वरमा टायर बालेर विभिन्न ठाउँहरुमा प्रर्दशन गरिरहेका छन् । जलेश्वर जनकपुरधाम सडकखण्डको अलिपट्टी पर्सामा स्थानीयवासीहरुले सडकमै बाँसहरु राखेर र टायरहरु बालेर प्रर्दशन गरिरहेका छन् ।

सडकमै टायर बालेर तथा मुढाहरु राखेर सडक बन्द गराएपछि जलेश्वर- जनकपुरधाम जाने यात्रुहरु अलपत्र परेका छन् । कार्यालय जाने कर्मचारीहरु समेत वैकल्पिक बाटो प्रयोग गर्न बाध्य छन् ।

महोत्तरीको जलेश्वर, मटिहानी, बर्दिबास, गौशाला, रामगोपालपुरलगायतका क्षेत्रहरुमा युवाहरु मंगलबार बिहानैदेखि प्रदर्शन गरिरहेका छन् । जलेश्वरका युवाहरुले नगरको विभिन्न भागको परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी अगाडि समेत धर्ना दिएर प्रदर्शन गरेका छन् ।

जेनजी युवाहरु भेला भएर विद्यार्थी मार्न पाइँदैन, भ्रष्टाचार अन्त्य गर, प्रधानमन्त्री राजिनामा देउ, प्रशासन पछाडि हटजस्ता विभिन्न नाराहरु समेत लगाइरहेको छ । बर्दिबासमा विद्यार्थीहरु स्कुल ड्रेसमै सडकमा उत्रिएका छन् भने जलेश्वर नगरपालिकाले अत्यावश्यकीय बाहेक सम्पूर्ण सेवा वन्द गर्ने निर्णय गरेको छ ।

# सिरहामा अनिश्चितकालीन कर्फ्यु आदेश जारी

**टुडे समाचारदाता**

लहान । जिल्ला प्रशासन कार्यालय सिरहाले मंगलबार दिउँसो १ बजेदेखि लागू हुने गरी जिल्लाका चारवटा नगरपालिकाका केही क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ ।

सिरहाका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीद्वाराजारीआदेशअनुसार, मिरचैया, गोलबजार, लहान र सिरहा नगरपालिकाका तोकिएका सीमाभित्र कुनै पनि प्रकारका भेला, जुलुस, प्रदर्शन वा सभा गर्न पूर्ण रूपमा रोक लगाइएको छ। यो आदेश उल्लङ्घन गर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने पनि प्रशासनले जनाएको छ ।

मिरचैया नगरपालिकाः चोहर्वादेखि मलहनियाँसम्म, र फुलवरिया चोकदेखि बलुवा टोलसम्म, गोलबजार नगरपालिकाः गागन पुलदेखि पुरानो चोहर्वासम्म, र सैनिक चोकदेखि कसहा कालाबन्जर सडकसम्म, लहान नगरपालिकाः वलान पुलदेखि भोटिया टोलसम्म, र खुट्टी खोलादेखि कसहा कालाबन्जर सडकसम्म, सिरहा नगरपालिकाः शिव चोकदेखि बसपिट्टासम्म, र गुलरिया चोकदेखि मखनाहा चोकसम्म, कर्फ्युको अवधिमा अत्यावश्यक सेवाका सवारी साधनहरूमा जस्तै एम्बुलेन्स, दमकल, शववहान, र स्वास्थ्यकर्मीका गाडीहरूलाई भने आवतजावतमा छुट दिइएको छ ।



यसका साथै सञ्चारकर्मी, पर्यटक, मानव अधिकारकर्मी र कूटनीतिक नियोगका सवारी साधनहरूलाई पनि सुरक्षाकर्मीले सहजीकरण गर्ने विज्ञप्तिमा जनाइएको छ ।

# गोली लागेर तिवारी घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । शान्तिपूर्ण रुपमा जेन- जी आन्दोलनमा सहभागी भएका रोशनकुमार तिवारीलाई प्रहरीले चलाएको गोली लागि घाइते भएका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषा घेराउ गर्न जाँदै गर्दा भिडलाई नियन्त्रणमा लिनका लागि स्थानीय प्रहरीले चलाएको गोली लागेर आन्दोलनकारी तिवारीलाई गोली लागि घाइते भएको उनका साथी विकास साहले जानकारी दिए ।

प्रहरीमाथि प्रदर्शनकारीहरुको तर्फबाट कसैले ढुंगामुढा प्रहार गरेपछिप्रहरीले चलाएको गोलीबाट तिवारी घाइते भएका छन् ।

सो भिडलाई नियन्त्रणमा लिनका लागि प्रहरीले करिब एक दर्जन जति गोली प्रहार गरेका थिए । उनको उपचार स्थानीय हिरा होस्पिटलमा भइरहेको जनाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८